Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ६, २०८० साल भदौ १२ गते मंगलबार (Aug 30, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइल: ९८५१०८७१५६**

Email : janaakash.com.np@gmail.com

# चाडवाडको मुखमा हुने महगी नियन्त्रण गरौं

*मोहन कार्की*

काठमाडौ । नेपालमा नागपञ्चीको शुरुवातसँगै क्रमश चाडवाडहरु एकपछि अर्को गर्दै आईराखेका छन् । यस्ता चाडपर्व नेपालीहरुले परापूर्वकालदेखि मनाउदै आएकाछन् । अन्य समयमा जस्तो यो समयमा नेपाली उपभोक्ताहरुले जुनसुकै सामान किन्न त्यति छलफल गरेर बस्दैनन् । जे चाहिएको हो त्यसको मुल्य सोधछन् पैशा तिर्छन् लिएर जान्छन् । विगतदेखिको चलन यस्तै छ । नेपाली सोझा उपभोक्तालाई काला ब्यापारीहरु जसले छोटो समयका लागि योजना नै बनाएर उपभोक्तालाई ठग्दै आएकाछन् ।



त्यस्ता काला ब्यापारीहरुका कारण बेला बेलामा असल ब्यापारीहरुलाई समेत बदनाम गराउने गरेको छ । प्युखामा ५० औं बर्षदेखि मसला पसल चलाउदै आएका एक ब्यापारीको भनाइ यस्तो छ । “हामीले त दशै, तिहार, वा अन्य यस्ता नेपालीहरुको पर्वमा छुट दिएका हुन्छौ र मूल्य सुचीनै राखेर कारोबार गर्छौ । कहिले काही काही दर्ता नभएकाहरुले चाडावाडमा मात्र पसल खोल्ने र जताततै उसले मार्केटमा विग्रेका सामान पुऱ्याउने त्यो पनि मुल्यभन्दा बढीमा बेचेर उपभोक्तालाई ठगी गर्छ त्यस्ता व्यात्तिलाई प्रहरीले समात्यो भने समग्र ब्यापारीको पनि नाम जोडिएर आउछ त्यतिवेला दुख: लाग्छ ।” त्यसैले सवैले सवैलाई एउटै नजरले हेर्नुहुन्न भन्ने उनको भनाई छ ।

तर यो २०८० सालको दशै र तिहारमा हुनसक्ने अश्वभाविक महगीलाई नियन्त्रण गर्न सम्बन्धित निकायले सक्छकी सक्दैन । त्यो एउटा पाटो छदैछ । बजारमा भएको मूल्यसुची समेत नराखी र मूल्यसुची भएकै ठाउमा पनि बढी मूल्य लिएर सामग्रीको बिक्री वितरण गरिरहेको पाईन्छ । यस्ता ठाउँमा स्वयम उपभोक्ताहरु पनि सचेत हुनुपर्छ । मूल्यमा ठगी भएको पाइए नजिकैको प्रहरी कार्यलय वा सरोकार संघ, सस्था अर्थात आधाकारिक निकायलाई खवर गरेर पनि मूल्यमा ठगी गर्दै आएका काला ब्यापार गर्नेहरुलाई निरुत्साहित गर्न सकिन्छ ।

त्यो काम उपभोक्ता स्वयम सचेत हुनुपर्छ भने सम्बन्धित निकाय अर्थात बाणिज्य आपुर्ति तथा उपभोक्ता सरक्षण बिभाग जस्ता निकायले बजारलाई चुस्त दुरुस्त बनाई अनुगमन गरेर उपभोक्ताको अधिकारलाई सुरक्षित गर्नुको साथै ब्यापार, व्यावसाय गर्ने फर्म, कम्पनीलाई समेत व्यवास्थित, मऱ्यादित बनाउदै नेपालका कोभिड पछि तौरिदै गरेका असल व्यवासायीलाई सरक्षण गर्नुपर्ने दाइत्व पनि छ । यस्ता कामहरु बाणिज्य आपुर्ति तथा उपभोक्ता सरक्षण बिभागले चाडबाडको मुखमा मात्र गर्दै आएको छ । त्यो भन्दा अगावै र जहिलेपनि बजारमा कस्तो तरिकाले बिक्री वितरण भईरहेको छ । गुणस्तर छकी छैन ? कुनै समस्या आएमा के कारणले समस्याहरु बजार आए जस्ता विषयमा सधै काम गरेर उपभोक्ताको सरक्षण गर्नुपर्छ ।

यसरी सम्बन्धितको सक्रियता मात्र देखिदा पनि बजारमा हुने अस्त ब्यस्त र छाडा बन्दै गएका व्यावसायि सर्तक हुन्छन् र महगी नियन्त्रण हुन्छ ।

**मन्दिर नजिकैका मिठाई पसल फोहोर**

काठमाडौ लगायत कतिपय मन्दिर नजिकै मिठाई पसल भेटिन्छन् । ति मिठाई पसलमा चढाउने देखि खानलाई धेरै प्रकारका मिठाई बेच्नलाई राखिएको हुन्छ । ति मिठाईहरु फोहोर भेटिन्छन् । झिगा भन्किरहेको हुन्छ । चढाउन नै लगेको भएपनि पछि मन्दिरका पुजारीले प्रसाद सवैलाई बाढ्छन् । प्रसादको नाममा फोहोर मिठाई ख्वाएर रोग उत्पादन गर्ने थलो बन्दै गएका मन्दिर आसपासका फोहोरी मिठाई पसलहरुको अनुगमन गर्न सम्बन्धित निकायको ध्यान पुगेको देखिदैन ।

## सानु ताम्राकारको उपचारको क्रममा निधन

काठमाडौँ । केही समयअघि छोरा गुमाएका वरिष्ठ कलाकार सानु ताम्राकारको उपचारको क्रममा निधन भएको छ । चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाका अनुसार ताम्राकारको शनिबार करिब ३ बजे उपचारको क्रममा नर्भिक अस्पतालमा निधन भएको हो ।



गत असारमा छोरा सारुक घरमा मृत फेला परेपछि सानु ताम्राकारको स्वास्थ्य अवस्था बिग्रिएको थियो । उनी साउनको दोस्रो हप्ता नर्भिक अस्पतालमा भर्ना भएका थिए । निरौलाका अनुसार आईसीयूमा भर्ना भएका ताम्राकारको पछिल्लो समय किड्नीमा समेत समस्या देखिएको थियो ।

अध्यक्ष निरौलाले ताम्राकारको भोलि अन्त्येष्टि गर्ने तयारी गरिएको बताएका छन् । थुप्रै चलचित्र तथा सिरियलमा अभिनय गरेका ताम्राकारले तीन वर्ष चलचित्र कलाकार संघको कार्यवाहक अध्यक्षसमेत बनेका थिए । उनले ‘जीवन रेखा, बदलिँदो आकाश, निरमोही, जुन तारा, सुरक्षा, रगत, ज्वालामुखी, जीवन मृत्यु, मन मनै मन पराए, अभियान, पल, ग्याम्लर, भूँइमान्छे, मेरी मामु’ लगायतका फिल्ममा काम गरेका छन् ।

# हाजिरी जवाफ प्रतियोगिता हुँदै




काठमाडौं । काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका, टोखा नगरपालिका, बुढानिलकण्ठ नगरपालिका र नागार्जुन नगरपालिकाका ४५ वटा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुको स्तरिय हाजिरीजवाफ प्रतियोगिता-२०८० आयोजना हुँदैछ ।

लायन्स क्लब अफ काठमाडौं डाउन टाउनले आयोजना गर्न लागेको हाजिरीजवाफ प्रतियोगिताको व्यवस्थापन लायन्स क्लब अफ तारकेश्वर डाउन टाउनले गर्ने भएको हो ।

यही भदौ २६ गतेदेखि तारकेश्वर नगरपालिकाको हलमा प्रतियोगिता आयोजना गरिने कार्यक्रम संयोजक रामकृष्ण बिसीले जानकारी दिनुभयो । प्रतियोगितामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको गुणस्तर र सामाजिक क्रियाकलापमा उल्लेख्य सहभागिता रहने विश्वासले कार्यक्रमको आयोजना गर्न लागेको कार्यक्रम संयोजक विसीले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विद्यालयलाई क्रमश: एक लाख, ५० हजार र २५

बाँकी ६ पृष्ठमा

# प्रधानमन्त्रीबाट मन्त्री किरातीका बुवालाई श्रद्धाञ्जली

काठमाडौं । प्रधानमन्त्री प्रचण्डसहित मन्त्रीहरूले सँस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीका बुवालाई श्रद्धाञ्जली अर्पण गरेका छन् ।



मन्त्री निवास पुलचोक पुगेर प्रधानमन्त्री प्रचण्ड, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, सञ्चारमन्त्री रेखा शर्मा, स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत, भूमि सुधारमन्त्री रञ्जिता श्रेष्ठलगायतले श्रद्धाञ्जली अर्पण गरेका छन् ।

श्रद्धाञ्जलीपछि शवलाई हेलिकप्टरमार्फल गृहजिल्ला भोजपुर लैजाने तयारी छ । बुवाकै इच्छा अनुसार गाउँमै अन्त्येष्टि गर्न लागिएको मन्त्री किरातीको सचिवालयले जनाएको छ । तर, पानी परिरहेकोले शव गाउँ लैजान ढिला भइरहेको छ ।

मन्त्री किरातीका बुवा हर्कबहादुर राईको आज बिहान काठमाडौंको वीर अस्पतालमा उपचारका क्रममा निधन भएको हो । उनी लामो समयदेखि प्यारालाइसिस सम्बन्धी समस्याबाट पीडित थिए ।



...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन् मोहन कार्की

## सम्पादकीय - - - - -

### अर्थतन्त्र उकास्न पर्यटनको विकासमा ध्यान दिऔं ।

नेपालमा यतिवेला आर्थिक अवस्था खस्कदै गएको व्यावसायमा असहज स्थिति रहेको भनाई व्यापारीहरुले भन्ने गरेकाछन् । हेर्दा त्यस्तै पनि देखिन्छ । मानिसहरु खुलेर व्यवसायमा आइराखेका छैनन् । हुनत बहुदलीय व्यवस्था स्थापना पछि नेपालका राष्ट्रिय उद्योग कलकारखानाहरु एकपछि अर्को गर्दै बन्द भइसकेकाछन् । केही मात्रमा नीजि उद्योगहरु नेपालमा रहेकाछन् ।

नेपालका युवाहरु विदेशमा गएर जिविकोपार्जन गर्न वाध्यछन् । बेरोजगारको समस्या सरकालाई समेत टाउको दुखाईको विषय भएको छ । तर नेपलको सम्भावना भनेको पर्यटन क्षेत्रलाई सरकारले प्राथमिकतामा राखेर नेपालका प्राकृतिक सौदर्यले भरिका क्षेत्रहरु जस्तै हिमश्रृखलाहरु, चुरे पाहाडहरु, कोशी नदीहरु, पाहाडवाट खस्ने झर्नाहरु, जगलमा पाईने अनेकथरी जीव जन्तुहरु कतिपय नेपालमा मात्र पाईने लोपोन्मुख प्रजातिका जीव जन्तुहरु नेपालमा छन् । यसरी प्रकृतिले दिएका स्रोतहरुलाई मानव जीवनमा आनान्दको रुपमा हेर्न सकिने र नेपालमा घुम्न नआएसम्म प्राकृतिक आनान्द विश्वको कुनैपनि ठाउँमा पाईदैन । भन्ने जानकारी दिनलाई सरकारले नै पर्यटनको लागि तत्कालीन नीति बनाएर नेपालाई पर्यटनको आकर्षणको केन्द्र बनाउन सक्नुपर्छ ।

त्यसो गर्न सक्यौ भने नेपालमा लाखौको संख्यामा विदेशी पर्यटक भित्रन सक्छन् । यस्तो वातावरण सरकारले बनाउन सक्नुपर्छ । त्यसो गरिसकेपछि विदेशी पर्यटकवाट भित्रने विदेशी मुद्राले नेपालीहरुको अर्थतन्त्रमा सुधार आउनुको साथै वैदेशिक व्यापार घाटा कम गर्न मद्दत गर्छ एकातिर भने अर्कोतर्फ सर्वसाधरण जनताको आर्थिक उन्नति हुन्छ ।

सवै सुविधायुक्त क्षेत्रमा केन्द्रीत जनशक्ति पर्यटनको विकाससँगै नेपालमा विकट क्षेत्रमा पुन: व्यवस्थापन हुन्छन् । यसरी हरेक दृष्टिकोणवाट नेपालको विकास र अर्थतन्त्रलाई टेवा दिनसक्ने सम्भावना बोकेको र नेपालको मौलिक परिकार, नेपाली घरेलु उत्पादनको प्रयोग हुने क्षेत्र र सरकारले योजना बनाएर स्थानीयलाई आकर्षण गर्न सक्ने हो भने थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सक्ने क्षेत्र पर्यटन हो ।

यो पर्यटन विकासमा सरकारको नीति सरोकारवालाहरुको विज्ञता र निश्चित तोकेका क्षेत्रहरुमा स्थानीयको सहभागिता आजको आवश्यकता देखिन्छ ।

यि माथिका आवश्यकताहरु पुर्ति हुनेगरी व्यवहारिक रुपमा सस्कृति, पर्यटन तथा नगरिक उडययन मन्त्रालय, पर्यटन विभाग, सरोकार निकाय, आम नागरिकको सहभागिता ति सहभगिता भएका नागरिकको सीप, क्षमता र लगानीको सुनिश्चिता, साथै पर्यटन क्षेत्रमा विदेशी लगानीकर्तालाई समेत लगानीको लागि वातावरण बनाएर नेपालको पर्यटन क्षेत्रवाट मनग्य आम्दानी लिन सकिन्छ ।

यस्तो सम्भावना भएको पर्यटन क्षेत्रलाई तत्कालीन नीति ल्याएर नेपालको अर्थतन्त्रमा देखिएको नकरात्मक सूचाङकलाई सकरात्मक बनाउन सकिन्छ । यस्ता सम्भावना बोकेका क्षेत्रलाई ध्यान दिएर देशको अर्थतन्त सुधार गर्ने उपाय हुन सक्छ ।

# सहकारीका वचतकर्ता र ऋणीका नाममा पत्र



प्रतिमान पौडेल

पछिल्लो सहकारी क्षेत्रमा समस्या देखियो । समस्या धेरै पहिलादेखि नै देखिएको हो पछिल्लो समय अलि बढी देखियो भन्दा हुन्छ । ओरण्टीयल लगायतका केही सहकारीमा समस्या आएको एक दशक भन्दा धेरै भयो । थोरै सहकारीमा समस्या आएका कारण होला, राज्य सहकारीको समस्या समाधानमा कही कतै देखिएन, अभियानले पनि ध्यान दिएन । सरोकारवालाहरुको मौनताले सहकारी क्षेत्रमा भित्रभित्रै समस्याहरु बढ्दै गए ।

विश्वमा देखिएको वित्तीय संकटसंगै नेपालको वित्तीय क्षेत्र पनि निकै नै प्रभावित भयो । वित्तीय क्षेत्रमा देखिएको संकटको सिधा असर नेपालको सन्दर्भमा सहकारीमा देखियो । यो समस्या कुनै न कुनै दिन त आउथ्यो नै, वित्तीय संकटकै समयमा देखियो ।

एक दुई गर्दै सयौ सहकारीहरुमा समस्या देखियो । बाहिर आएका सयौको संख्यामा होलान, बाहिर नआएका हजारौको संख्यामा छन् । वित्तीय क्षेत्र चलायमान छैन, पूँजि परिचालन नभएका कारण साना व्यवसायीहरुले पूँजि परिचालन गर्न सकिरहेका छैनन्, जसका कारण सहकारीलाई प्रत्यक्ष असर परेको छ ।

ठुला पूँजिवालाहरुलाई हेरेर नेपालको बैंकिङ क्षेत्रले योजना बनाउछ, साना व्यवसायीलाई तंग्राउने माध्यम सहकारी थियो, सहकारीमा समस्या आएपछि साना व्यवसायीहरु अहिले मर्कामा छन् । सहकारीले आम समुदायसंग निष्क्रिय रहेको पूँजिलाई परिचालन गरिदिएको थियो । गाउँघरमा साहु महाजनको चर्को ब्याजको सट्टा सहकारीबाट सस्तो ब्याजको पैसा चलाउन पाएर साना व्यवसायीहरु फष्टाएका थिए । यद्यपी केही सहकारीहरुले साहु महाजनकै जस्तो व्यवहार गरेको पनि पाइन्छ । तर आम सहकारीहरुले कमजोर आर्थिक अवस्था भएकाहरुलाई माथि उठाउन योगदान नै गरेका छन् ।

मैले यो लेखमा सहकारीका शेयर सदस्यहरु जसले बचत गरेका छन् उनीहरु र जसले ऋण लगेका छन् उनीहरुका बारेमा केही चर्चा गर्न गैरहेको छु ।

**वचतकर्ता सदस्यहरु :**

नेपालमा जति पनि सहकारीहरुमा समस्या आयो, समस्या आएका सहकारीका सञ्चालकहरु मध्ये केही भागे, वेपत्ता भए, केही जेलमा छन् । केहीसंस्थाका सञ्चालकहरु व्यवस्थापन गर्ने प्रतिवद्धताका साथ कार्यक्षेत्रमै खटिएका छन् । यि तीन पाटोमा रहेका सञ्चालकहरु मध्ये जुन सहकारीका सञ्चालकहरु हामीले व्यवस्थापन गर्छौं, भनेर सदस्यहरुका बीचमा बसेका छन्, तिनले विस्तारै विस्तारै वचतकर्ताको रकम फिर्ता गरिरहेका छन् । उनीहरुले समय तालिका दिएर वचतकर्तालाई थोरै थोरै भए पनि रकम फिर्ता गरेका थुप्रै उदाहरणहरु छन् ।

तर जुन सहकारीका सञ्चालकहरु सम्पर्क विहिन भए वा जेलमा छन् ति सहकारीका वचतकर्ताहरुले आफ्नो रकम पाउन सकेका छैनन् । जेल बसेका सञ्चालकहरु हामीलाई जेल हाल्यौ भन्दै बसेका छन् । जेल गएकाहरुले रकम भुक्तानको कुनै योजना बनाएका छैनन् । उनीहरुलाई हाइसञ्चो भएको छ, वचतकर्ताले पैसाको कुरा गरे हामी जेलमा छौ, कसरी गर्ने भन्छन् । यिनले वचतकर्तालाई दुख दिइरहेका छन् । यिनलाई अब सहकारी चलोस् नचलोस्, सदस्यले पैसा पाउन नपाउनसंग कुनै साइनो सम्बन्ध देखिदैन, राज्यले वचतकर्ताको रकम हिनामिना गर्ने ति व्यक्तिहरुको सम्पत्ती बेच विखन गरेर रकम भुक्तान गर्नका लागि सहज वातावरण बनाउन सकेन ।

अर्काथरी सञ्चालकहरु वेपत्ता छन्, वेपत्ता भएका सञ्चालकहरुको मुद्दा पनि अदालतमा छ, अदालतले कहिले फैसला गर्ला र पैसा पाउला भनेर वचतकर्ताहरु प्रतिक्षामा छन्, तर न फैसला समयमा आउछ, न वेपत्ता भएकालाई पक्राउ गरेर कार्वाही गरिएको छ । यस्ता खालका सञ्चालकहरु पनि वचतकर्तालाई पैसा फिर्ता गर्ने योजनामा छैनन्, दुखका साथ भन्नुपर्छ, पीडामा परेकाहरुको सहयोग गर्ने न नियम कानुन सहज छ, न त्यसलाई कार्यान्वयन गर्ने निकायले समयमै कार्यान्वयन गर्न सकेको छ ।

यसरी हेर्दा सहकारीका सञ्चालकहरु अर्थात जिम्मेवार मानिसहरु जेलमा पर्दा वा वेपत्ता हुदा सदस्यहरुलाई धेरै मर्का परेको देखियो । त्यसैले सरकारले आवश्यक पर्छ भने कानुन संशोधन गरेरै भएपनि सहकारीले संकलन गरेको वचत रकम सुरक्षित तरिकाले फिर्ता गराउन पहलकदमी लिनु पर्दछ ।

कुनै सहकारीमा समस्या आयो भने वचतकर्ताहरु लाईन लाग्ने, आन्दोलन गर्ने, सञ्चालक र कर्मचारीलाई पक्राउ गर्नका लागि दवाव दिने, कार्वाही प्रक्रियाका लागि समन्वय गर्ने गरेको पाइएको छ । पैसा फसेको मान्छेले गर्ने त्यही नै हो । पक्राउ परेका, जेल बसेकाहरुबाट रकम भुक्तानी गर्ने योजना वा त्यस अनुसारको कानुन नबन्दासम्म वा भएका कानुनलाई कार्यान्वयन गरेर पीडितलाई न्याय नदिदासम्म सहकारीको साख बढ्दैन ।

सहकारी विभागले गत जेठ १२ गते जारी गरेको वक्तव्यमा सहकारीमा आएका समस्या ३ प्रकारका छन्, र समाधानका उपाय पनि ३ प्रकारकै छन् भन्ने उल्लेख थियो ।

पहिलो : सहकारी ठिक ठाक नै चलेका थिए, वित्तीय क्षेत्रमा देखिएको समस्या र कतिपय सहकारीमा देखिएका समस्याका कारण राम्रै चलेको सहकारीमा पनि समस्या आयो, ति सहकारीहरु पहिलो कोटीका हुन्, तिनले श्वेत पत्र जारी गरेर सम्पूर्ण दायित्व सञ्चालकले लिने गरी निश्चित समय दिई सदस्यहरुलाई वचत फिर्ता गर्न सक्छन् ।

दोस्रो : यि पनि राम्रै चलेका थिए, तर यिनले संस्थाको ऋण लगानी ठुला व्यवसायीलाई गरे, एउटै व्यक्तिलाई ठुलो रकम लगानी गरे, घर जग्गामा लगानी गरे । यिनलाई पनि सम्पूर्ण दायित्व सञ्चालकहरुले लिने गरी श्वेत पत्र जारी गरेर सदस्यलाई निश्चित समय दिई वचत फिर्ता गर्न सक्छन, तर यस्ता संस्थालाई सहकारी ऐन अनुसार कार्वाही चाही हुन्छ ।

तेस्रो : यस्ता सहकारी संस्थामा जम्मा भएको रकम सञ्चालकहरुले आफ्नो र आफन्तको नाममा घरजग्गा लगायत निजी व्यवसाय सञ्चालनका लागि प्रयोग गरेका छन् । यिनले सहकारी ऐन पूर्ण रुपमा उल्लंघन गरेका छन् । यिनलाई कार्वाही गरी सञ्चालकहरुबाट वचत फिर्ता गराउने विभागको निर्देशनमा उल्लेख छ ।

विभागकै भनाईलाई आधार मानेर हेर्ने हो भने दोस्रो र तेस्रो खालका सहकारीहरुलाई कार्वाही नै गर्नु पर्छ । जहाँसम्म पहिलो प्रकारका सहकारीहरु छन् तिनलाई जोगाउने दायित्व शेयर सदस्यहरुको पनि हो ।

शेयर सदस्य (वचतकर्ताहरु) संयमित भएर समुदायमा केन्द्रीत रहेका सहकारीहरुलाई जोगाउन लाग्ने हो भने वचतकर्ताको रकम सुरक्षित गर्न सकिन्छ भन्ने उदाहरणहरु पनि प्रशस्त देखिएका छन् ।

जेल पठाउने र भाग्ने दुवै तरिकाले समस्या वचतकर्तालाई नै भयो । यदी सहकारीमा समस्या आयो भने सदस्यहरुले सञ्चालकहरुसंग बसेर संस्थाको यथार्थ अवस्था देखाउन लगाउने र संस्थाका सञ्चालकहरुले व्यक्तिगत रुपमा सम्पत्ती आर्जन गर्न संस्थालाई प्रयोग गरेका छैनन्, ऋण लगानी गरेका छन्, ऋण नउठेका कारण समस्या सिर्जना भएको हो भने सञ्चालकहरुलाई वचतकर्ताहरुले सहयोग गरेर ऋण उठाउने र वचत फिर्ता गराउने अभियान सञ्चालन गर्न आवश्यक छ ।

सञ्चालकहरु सम्पर्क विहिन हुने वा जेल जाने कुरा वचतकर्ताहरुका लागि नै समस्या भएकाले सञ्चालकहरुलाई आफ्नो संस्थाको यथार्थ अवस्था जानकारी गराउन, वचत फिर्ताका लागि निजहरुले ग्यारेण्टी गर्न तथा नउठेको ऋण उठाउन समन्वय गर्न सकियो भने सहकारीका वचतकर्ताहरुको रकम डुब्ने संभावना धेरै कम हुने अवस्था रहन्छ ।

**ऋणी सदस्यहरु**

सहकारीमा समस्या आउनुको एउटा महत्वपूर्ण कारण ऋण नउठ्नु पनि हो । सहकारीमा समस्या आएपछि ऋण तिर्न पर्दैन भनेर निर्धक्क हिड्नेहरु धेरै नै देखिन थालेका छन् । आफु संलग्न नभएको सहकारीमा समस्या आयो भने पनि त्यस्ता सहकारीका वचतकर्ताले गर्ने आन्दोलनको अग्रपंक्तिमा सहकारीहरुबाट ऋण लगेर नतिर्नेहरु पनि लामवद्ध भएको र चर्का चर्का नारा लगाउने गरेका थुप्रै फुटेजहरु प्राप्त भएका छन् ।

जुन सहकारीले संस्थाको पैसा व्यक्तिगत रुपमा लगानी गरेको छ, ति सहकारीको समस्या र आफ्ना सदस्यहरुलाई ऋण लगानी गरेको सहकारीमा फरक छ । व्यक्तिगत रुपमा लगानी गरेका सहकारीका सञ्चालकहरु भागे वा जेल गए भने तिनीहरुबाट रकम असुली गर्ने अवस्था धेरै कमजोर देखियो ।

तर जुन सहकारीले आफ्ना सदस्यहरुमा लगानी गरेको छ र त्यस्ता सहकारीमा समस्या आयो भने सहकारीका वचतकर्ता, सञ्चालक र कर्मचारी तथा राज्यका निकायहरु समेत मिलेर ति ऋणीहरुबाट ऋण उठाउने र वचत फिर्ता गराउने हो ।

ऋण लगेका मध्ये कतिपयले नबुझेर र धेरैले बुझी बुझी पनि सहकारीलाई बद्नाम गराउन, सहकारी बन्द गराउन लागि परेको देखिन्छ । सहकारीबाट ऋण लगेर सहकारी बन्द गराउने ए अपराधीहरु हो तिमले ऋण लगेको सहकारी बन्द भयो भने सबै भन्दा पहिला वचतकर्ताको प्रहार तिमीहरु माथी नै हुन्छ के ? कस्तो कुरा नबुझेको हो ।

सहकारीका नाममा सबैले निजी व्यवसाय सञ्चालन गरेका छैनन्, केहीले त्यसो गरेका छन्, तर धेरैले सदस्यहरुमा लगानी गरेका छन्, लगानी गरेको ऋण उठीरहेको छैन र वचत फिर्तामा समस्या छ ।

यदी ए नाम गरेको संस्था जसले आफ्ना सदस्यलाई ऋण लगानी गरेको छ, त्यसमा समस्या आयो, सञ्चालकहरु भागे वा जेल गए भने पनि ऋणीहरुबाटै ऋण उठाएर वचतकर्ताको रकम फिर्ता गराउने योजना बन्छ । राज्यका निकायले ऋण भुक्तानका लागि निर्देशन गर्छन्, ऋण नतिर्ने सदस्यलाई खराव ऋणी करार गरिदिन्छन्, अनि समस्या कसलाई पर्छ ? सहकारी चल्दा सञ्चालक र कर्मचारीलाई धम्क्याउने, थर्काउने, घुर्काउने सबै गरेका छौ, तिमले ऋण लगेको सहकारी बन्द मात्रै होस् त राज्यले नै तिमलाई ऋण तिर्नका लागि समय तोकिदिन्छ, त्यो दिनसम्म ऋण तिरेनौ भने तिम्रो शाखा सन्तानलाई राज्यले कालोसूचीमा राख्न सक्छ । अनि समस्या कसलाई आउछ ? ऋण लगेर नतिर्ने अनि सहकारी बन्द भैदिए हुन्थ्यो भनेर गतिविधि सञ्चालन गर्नेहरुले राम्रोसंग बुझ्न जरुरी छ कि ? ऋण लगानी गरेका संस्थाहरु समस्यामा पर्दा त्यसको सिधा असर ऋण लगेका सदस्यहरुमै पर्छ ।

सहकारीलाई बन्द गराएर वा बदनाम गराएर ऋण तिर्न पर्दैन भन्ने तिम्रो घैटामा घाम कहिले लाग्छ खै ?

अन्त्यमा सहकारीका वचतकर्ताहरुले आफ्नो वचत सुरक्षित गराउनका लागि र ऋणीहरुले आफ्नो संस्थालाई सुरक्षित गराउन तथा आफु समस्यामा नपर्नका लागि संयमताका साथ अगाडि बढ्न जरुरी छ ।

वचतकर्ताले संस्थाको यथार्थ अवस्था बुझेर सहकारीले सदस्यहरुमा लगानी गरेको छ भने सञ्चालक र कर्मचारीसंग समन्वय गरी संस्था सञ्चालन गर्दै ऋण उठाउदै वचत फिर्ता गराउनतर्फ लाग्नु पर्छ भने संस्थाबाट लिएको ऋण भुक्तान गरेर संस्था सञ्चालन भईरहन दिनु नै ऋणीहरुका लागि समेत फाइदाको विषय बन्छ ।

संस्था बन्द भयो ?वचतकर्तालाई वचत फिर्ता नहुने तनाव, ऋणीलाई सरकारले नै खराव ऋणी बनाइदेला भन्ने डर ?

सहकारी सदस्यहरुको हो, सदस्यहरुको सक्रियता र समन्वयमा सहकारीलाई फेरी एकपटक जनताको आशा भरोसाको केन्द्र बनाउन सबै लागौ ।

जय सहकारी ।

# मोडल सरद एल-जि को अभिनय रहेको 'गाजले' बोलको गीत बजारमा

काठमाडौं । तनहुँ जिल्ला शुक्ला गण्डकी नगरपालिका १२ जस्पुर गाउँमा जन्मेका मोडेल सरद एल-जि पछिलो समय निकै चर्चामा आएका छन् । बिगत केही वर्ष अघि चलचित्रहरुको गीतमा साइड (कोरस) डान्स गरेर संर्घष गर्दै आएका सरद अहिले मोडलिङ क्षेत्रमा निकै ब्यस्थ देखिन्छन् ।

पछिलो समय सरदको जुन गीत बजारमा आयो तेहि गीत दर्शक स्रोताहरुले निकै रुचाइदिएका छन् "चल्यो बतास, (राजा रानी) दमाइको छोरो, चोली मैलै जस्ता दर्जनौ गीतबाट चर्चामा आएका सरद अहिले महिला दिदी बहिनीहरुको माहान चार्ड तीज नजिकिएसँगै तीज गीतको सुटिङमा निकै ब्यस्थ छन् । यो वर्षको तीजमा उनी दर्जनौ गितहरुमा नृत्य गरिसकेका छन भने कहि दिन अघि उनको गाजले बोलको गीत बजारमा सार्वजनिक भएको छ ।"

उक्त गीतमा चर्चित गायक अर्जुन सापकोटा र सबिता परियारको स्वर रहेको छ, भने प्रलाद सुबेदीको शब्द, अर्जुन सापकोटा आफैको संगीत रहेको छ । गीतमा काजी श्रेष्ठले भिडियो निर्देशन गरेका छन् भने अहिलेका चर्चित मोडल करिस्मा ढकाल र सरद एल- जिको अभिनय रहेको छ। करिस्मा र सरदको जोडीलाई पछिल्लो समय दर्शकले



चक्लेटी जोडी भनेर पनि चिन्ने गर्दछन् । जसरी चल्यो बतास गीत धेरै दर्शकहरुले रुचाइदिएका थिए । तेसरी नै गाजले बोलको गीतलाई पनि दर्शकहरुले निकै रुचाइदिएका छन् । अहिले गाजले बोलको गीत युटुब ट्रेन्डिङमा पर्न सफल भएको छ, भने टिकटक फेसबुकका पेज हरुमा गीत चर्चामा देखिन्छ अरु गीतको भिडियो भन्दा गाजले बोलको गीतको भिडियो फरक बनेको र आफुलाई केटा केटी दुबै रुपमा भिडियोमा देख्न सकिने मोडल सरद एल-जि जन आकाश मिडिया प्रा.लि का रिपोटर बिनोद कार्कीसँगको अन्तर्वार्तामा बताउँछन् ।

बास्तबमा उनको नाम सरद लाम्गादे रहेछ । नामको पछाडी एल-जि राख्दा धेरैजनाले रुचाइदिनु भएको र आफुलाई छोटकरीमा लेख्न पनि सहज भएसँगै गीत सङ्गित छेत्रमा सोही सरद एल-जि नाम खापेकोले सरद एल-जि नाम चर्चामा छ । पैसाको लागि मैले यो क्षेत्र रोजेको हैन नाम सम्मानको लागि मात्र हो मेरो धन सम्पती भनेकै स्रोता दर्शकहरु हुन् मलाई धेरै मायाँ गरिदिनु होला मेरो आमा बुबाको ठुलो सपना छ छोरो मोडल भएर एक दिन देशलाई चिनाएको हेर्ने म अझै मेहनत गर्ने छु हजुरहरुलाई मनोरञ्जन दिनाको लागि मेरो सास रहुनजेल सम्म गीत संगीतमै लागि पर्नेछु सरद एल-जि जन आकाश मिडियासँग बताउँछन् ।

# सुधार गृहमा कमलको हत्या भएको परिवारको दाबी, प्रहरी भन्छ (प्रारम्भिक अनुसन्धानमा त्यस्तो देखिँदैन

**सरिशा अछामी**

काठमाडौं । गत आइतबार बिहान भक्तपुर बाल सुधार गृहका १८ वर्षीय कमल बस्नेतको रहस्यमयु मृत्यु भयो। उनी रामेछाप मन्थली नगरपालिका ३ का स्थानीय हुन् ।

बलात्कारको मुद्दामा उनलाई तीन वर्षअघि बाल सुधार गृह भक्तपुरमा पठाइएको थियो । त्यतिबेला उनी १५ वर्षका थिए । १८ वर्षभन्दा कम उमेर समहूका बालबालिका अपराधी ठहर भए बाल सुधार गृहमा राख्ने कानुनी प्रावधान छ । त्यही अनुसार उनलाई बाल सुधार गृहमा राखिएको हो ।

शनिबार साँझ सामान्य बिरामी भएको भन्दै उनले दाजुलाई फोन गरेका थिए। उनका दाजुले एक दुई दिनमा भेट्न आउने बताएका थिए ।

बिरामी हुँदा केही खान नदिई त्यसै सुताइदिएको उनका साथीहरूले बताएका छन्, कमलका काका आकाश भट्टराई भन्छन्, भोलिपल्ट पनि बाल सुधार गृहबाट खबर गरिएन ।

बिरामी भएर अस्पताल पुर्याई मृत्यु भइसक्दा पनि आधिकारिक रूपमा जानकारी आएको थिएन । कमलका साथीहरूले बेहोसी हालतमा



अस्पताल लगेको खबर दिएपछि अस्पताल पुगेको उनको भनाइ छ ।

उनका दाजु र काका नयाँ बानेश्वरस्थित कोठा भाडामा बस्ने भएकाले बिहान साढे सात बजे फोन आउनसाथ गएका थिए। तर उनीहरू पुग्दा भक्तपुर थिमीस्थित नागरिक अस्पतालले कमललाई मृत घोषित गरिसकेको थियो ।

चिकित्सकलाई सोधपुछ गर्दा अस्पताल ल्याउनु अगाडि नै मृत्यु भइसकेको जानकारी दिए, भट्टराईले भने ।

उनले त्यहाँ कमलको शव हेरेका थिए । उनको शरीरमा निलडाम देखेकाले हत्या भएको उनी दाबी गर्छन् ।

अस्पतालले मृत घोषित गरिदिएपछि पनि बाल सुधार गृहले आधिकारिक जानकारी नदिनु हत्या भएको संकेत गर्छन् मृतकका भिनाजु विनोद बुढाथोकी ।

उनले पनि ढाडमा नीलो डाम र दायाँ खुट्टा सुन्निएको देखेका थिए। त्यसैले हत्या भएको उनी दाबी गर्छन् ।

यही विषयमा बाल सुधार गृहसँग छलफल गर्न खोज्दा आइतबार तनावपूर्ण अवस्था सिर्जना भएको भट्टराईले जानकारी दिए । हाम्रो मान्छेको ज्यान गएको छ । अन्य बालबालिकाले यस्तो समस्या भोग्नु नपरोस्, भट्टराईले भने ।

उनका अनुसार कमलको लागि ६ वर्षको सजाय तोकिएको थियो। ३ वर्ष ३ महिना बिताइसकेका थिए। हत्या भएको र सत्यतथ्य छानबिनको माग गर्दै आइतबार नाराबाजी गरिएको थियो । त्यही विषयमा सोमबार पनि नाराबाजी गर्दा त्यहाँ भित्रका बालबालिकाले तोडफोड गरेर भागेका हुन् ।

बाँकी ६ पृष्ठमा

# क्यानले छात्राबृत्तिको लागि फारम खोल्यो

काठमाडौ । नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारमा विगत ३१ वर्षदेखि कार्य गर्दै आईरहेको कम्प्युटर एशोसियसन नेपाल महासंघले प्राविधिक शिक्षा तर्फ विगत चार बर्ष देखि प्रदान गर्दै आईरहेको छात्रबृतिको 'नेसनल आईसीटी स्कलरसिप- २०८०' को लागी आवेदन खुल्ला गरेको छ ।




क्यान महासंघले, राष्ट्रभित्र सूचना प्रविधिको अध्ययन अध्यापन गर्ने गराउने कलेजहरुको सहयोगमा गरीव, जेहेन्दार, विद्यार्थीहरुको लागि छात्रबृद्धि प्रदान गर्दै आएको छ । उक्त छात्रबृति काठमाडौंको मैतीदेविमा रहि विगत दुइ दशकभन्दा बढि समय देखि सूचना प्रविधि बिषयमा अध्यापन गराउने कलेज - लर्ड बुद्ध एजुकेसन फाउन्डेसन संगको सहकार्यमा शुरु गरिएको थियो । यो छात्रबृति मार्फत यस बर्ष पनि ४९ जना विद्यार्थीहरुलाई आंशिक तथा पुर्ण छात्रबृद्धि प्रदान गर्न लागिएको पत्रकार सम्मेलनमा उल्लेख छ ।

'नेसनल आईसीटी स्कलरसिप- २०८०' मा देशको सातै प्रदेशका विद्यार्थीहरुले समान अवसर पाउने गरी प्रत्येक प्रदेशबाट १ जना छात्रा लाई पूर्ण छात्रबृति र बांकी ४२ जनालाई आंसिक छात्रबृति प्रदान गरीने छ । ग्रामिण क्षेत्रमा समेत सूचना प्रविधिको विकास र सबै नागरीकमा यसको पहुँच पुराउनमा यस कार्यले टेवा पुर्याउदै आएको छ । विगत चार वर्षदेखि सञ्चालित यस छात्रवृती कार्यक्रम अन्तर्गत हालसम्म ११० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

यो वर्ष पनि फिमेल मेरिट आईसीटी स्कलर सिपमा प्रत्येक प्रदेशबाट चार जनाका दरले २८ जना छात्रालाई छात्रबृति प्रदान गरिनेछ भने आईसीटी मेरिट स्कलरसिप अन्तर्गत प्रत्येक प्रदेशबाट तीनजनाका दरले २१ जनालाई छात्रबृति प्रदान गरिने उल्लेख छ ।

क्यान महासंघ र लर्ड बुद्ध एजुकेसन फाउन्डेसन कलेजविच भएको सम्झौताअनुसार ४९ जना विद्यार्थीले २ करोड ८३ हजार रुपैयाँबराबरको छात्रवृत्ति पाउनेछन् ।

छात्रबृति प्राप्त विद्यार्थीहरुले मलेसियाको एसिया प्यासेफिक युनिर्भसिटि अफ टेक्नोलाजी एण्ड इनोभेसनको सम्बन्धनमा सञ्चालीत लर्ड बुद्ध एजुकेशन फाउण्डेसनमा स्नातक तह अन्तर्गत वि. एस. सी. आईटी को अध्ययन गर्न पाउनेछन् ।

नेपाल सरकारवाट मान्यताप्राप्त शिक्षण संस्थाबाट प्लस टु वा सो सरह उत्तीर्ण गरेका र कक्षा १० को गणित विषयमा कम्तीमा ५० प्रतिशत अंक ल्याएका विद्यार्थीहरुले छात्रवृत्तिका लागि आवेदन दिन सक्ने उल्लेख छ ।

# रामेछाप डायरी

## रामेछाप जिल्ला फुटबल संघद्धारा खेलाडीका लागि जर्सी तथा फुटबल वितरण

रामेछाप जिल्ला फुटबल संघले खेलाडीका लागि जर्सी तथा फुटबल वितरण गरेको छ । संघले आज (शनिवार) मन्थली नगरपालिका वडा नं. १ र ६ को सिमानाको कुनौरी स्थित खेल मैदानमा नै जर्सी तथा फुटबल वितरण गरेको हो ।




संघका अध्यक्ष सुन्दर घिमिरेका अनुसार संघले ४३ जोर जर्सी र ७ थान फुटबल वितरण गरिएको हो । फुटबल खेल्न सिकाउन, फुटबल खेलको विकास गर्न केही हद सम्म भए पनि सहयोग पुग्ने लक्ष राखेर जर्सी र फुटबल वितरण गरिएको रामेछाप फुटबल संघका अध्यक्ष सुन्दर घिमिरेले बताउनुभयो ।

उहाँले भन्नुभयो - फुटबल खेल्न इच्छा हुने नानीबाबुहरू १५ दिन देखि मैदानमा छन् । खेल्न सिकेका नयाँ नानी बाबुहरूलाई हौसला बढाउन जर्सी र फुटबल वितरण गरिएको हो।

फुटबल खेल्न रहर भएका तर फुटबलको अभावमा फुटबल खेल्न नपाएका नानीबाबुहरूका लागि फुटबल संघले फुटबल समेत उपलब्ध गराउँदै आएको छ । कुनौरी खेल मैदानमा १५ दिन देखि ४३ जना नानीबाबुहरूले दैनिक प्रशिक्षण गरिरहेका छन्।

एन्फा वाट अनुबन्धित नभए पनि फुटबलको विकासको निमित्त यो संघ निरन्तर लागि परिरहेको छ। देशभरबाट एन्फामा ४८ जिल्ला अनुबन्धित छन् ।

२ वर्ष अघि देखि एन्फा विधान अनुसार सुन्दर घिमिरेको नेतृत्वमा एन्फा सदस्यका लागि रामेछाप जिल्ला फुटबल संघले फाईल पेश गरेको छ ।सम्भवतः राष्ट्रिय खेलकुद परिषद् सदस्य सचिव रामेछाप जिल्लाको भएको हुनाले अव चाडै नै रामेछापमा एन्फा सदस्य हुने सम्भावना छ ।



# हिमालयन आर्ट फेस्टिभलका के के छन् अकर्षण

काठमाडौ । मिति २०८० साल भदौं ७ गतेदेखि १३ गतेसम्म नेपालकै सबैभन्दा स्तरीय र बृहत कला प्रदर्शनी नेपाल आर्ट काउन्सिलमा हुन गइरहेको छ । हिमालयन आर्ट फेस्टिभल नाम दिइएको उक्तप्रदर्शनी ई-आर्टस् नेपालले सन् २०१७ देखि निरन्तर रुपमा हरेक वर्ष नेपालीहरुको महान् चाड दशैंको अवसर पारेर आयोजना गर्दै आइरहेको छ। ई-आर्टस् नेपालका सह–संस्थापक आशा डङ्गोल हिमालयन आर्ट फेस्टिभलको विषयमा यसरी यसरी बताउछिन्, 'दशैंमा धेरै मेलाहरुको आयोजना भइरहेको हुन्छ । नेपाली कलाको कमि थियो, त्यहि अवस्थालाई मनन् गर्दै नेपाली कलाकारहरुको समकालिन अवस्था र प्रोत्सानका साथ सन् २०१७ देखि यो फेस्टिभलको आयोजना गर्दै आइरहेका छौ ।'




नेपाली कलाकृति नेपालीहरुकै घरमा सजिउन् भन्ने उद्देश्य पनि यस प्रदर्शनीले बोकेको कुरा कलाकार डंगोल भनाई रहेको छ। पहिला पहिला नेपाली कलाकृति किन्न गाह्रो हुन्छ भन्ने थियो, तर अहिले आकर्षक मूल्यमा मध्यम वर्गिय परिवारलाई लक्षित गरी यस कला प्रर्दशनी गर्न गरिएको उनि बताउछिन् । करिब ८० भन्दा बढी कलाकारहरुले आफ्नो कला प्रदर्शनीमा राखेका छन् । नेपाली कलाकारहरुको कलाको स्तर मापनको लागि समेत यस प्रदर्शनीले महत्वपूर्ण भूमिका खेल्ने कुरा समेत सहभागी कलाकारहरु भनाई छ । किनकी यस प्रदर्शनीमा नेपालका कलाक्षेत्र कुन ठाउँमा छ भनेर बुझ्न समेत यस प्रदर्शनीले मदत गर्दछ । कलाको विकासलाई हेर्ने आधार समेत यसले तय गर्न सक्छ ।

सन् २०१७ मा समसामयिक चित्रकलार मूर्तिहरुबाट शुरु गरिएको यस फेस्टिभलमा जम्मा ५० जना कलाकारहरुले भाग लिएका थिए । त्यसपछि २०१८ देखि काठमाडौं उपत्यकामा रहेका कलाकारहरुका विभिन्न संस्थाहरुसँग कुराकानी गरेर उहाँहरुको सहयोग लिँदै थपकलाकारहरु थप्दै गएको कलाकार डंगोल को भनाई छ । यहि कारणले गर्दा पनि यो कला प्रदर्शनी एक बृहद सामुहिक मेलाको रुपमा वर्षेनी आयोजना भइहरहेको छ। डंगोलको भनाई हो ।

अहिले हुने प्रदर्शनीमा कलाका विभिन्न विधालाई समेटिएको छ । नेपाली बरिष्ठ कलाकारहरु देखि वर्तमानका पुस्ताका कलाकारहरुको कामलाई प्रदर्शनीमा राखिएको छ । विधागत हिसावले हेर्ने हो भने'टु डी' र 'थ्री डी' डाइमेन्सनका कलाहरु यस प्रदर्शनीमा समावेश गरिएका छन् । कलाकारहरुः कृष्ण मानन्धर, किरण मानन्धर,शशिकला तिवारी, राजन काफ्ले, आशा डंगोल, एरिना ताम्राकार, भाइराज मर्हजन,प्रदिप बज्राचार्य, प्रमिला बज्राचार्य, बिनोद प्रधान, जुपिटर प्रधान, विधाता के.सी, सागर मानन्धर, उजय बज्राचार्य, सरिता डंगोल आदिदेखि हालका युवा कलाकारहरुमा इशान परियार, सविता डंगोल,सुजन डंगोल, मुना भडेल लगायत करिब ८० जना कलाकारहरुको कलाकृति एउटै थलोमा हेर्न सकिन्छ ।

प्रदर्शनीको अर्को आकर्षण भनेको एक जना वरिष्ठ कलाकारलाई एउटा छुट्टै स्थान बनाएर उहाँको कलाकृतिलाई त्यहाँ राखिने कार्यक्रम समेत सन् २०१९ देखि गर्दै आइरहेको ई-आर्ट्स नेपालका सह–संस्थापक भाइराज मर्हजन को भनाई छ। यस पाली भने उक्त स्थानमा कलाकार वरिष्ठ मूर्तिकार प्राध्यापक गोविन्द नारायण ज्यापुका कलाकृतिलाई प्रदर्शनीमा राखिएको आयोजकले बताएको छ ।

# आइएमई पेले ल्यायो विकेट टु विन नामक अफर




काठमाडौं । नेपालको पहिलो डिजिटल वालेट आइएमई पेले एसिया कप क्रिकेट २०२३ मा नेपालको सहभागिताको खुसीयाली मनाउँदै "विकेट टु विनविन (Wicket to Win) अफर सार्वजनिक गरेको छ ।

यही भदौ ८ देखी भदौ १२ सम्म, ५ दिनसम्म चल्ने सो अफर अन्तर्गत सेवाग्राहीले आइएमई पे मार्फत टेलिभिजनको बिल भुक्तानी गर्ने क्रममा (ASIACUP) प्रोमो कोडको प्रयोग गरी रु १५० सम्म छुट प्राप्त गर्न सक्ने छन् ।

साथै यस अफरमा सहभागी हुनुहुने ग्राहक मध्ये भाग्यशाली एक जनाले डिशहोमको फाइबर नेटको एक वर्षको निशुल्क सब्सक्रिप्सन (Subscription) पनि जित्न सक्नु हुनेछ । यो अफरले क्रिकेट प्रेमी दर्शकको उत्साहलाई थप उर्जा प्रदान गर्ने विश्वास लिएको आइएमई पे का सीइओ प्रवीण रेग्मीले बताउनुभयो ।

# ज्योति विकास बैंकद्वारा अस्पताललाई बेबी वार्मर प्रदान

काठमाडौं । ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको हाम्रो विकास प्रवर्द्धन कोष" मार्फत महाकाली स्वास्थ्य चौकी,नुवाकोट र आँबुखैरेनी अस्पताल, तनहुँलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर (न्यानो नानी) प्रदान गरेको छ। बैंकले यी अस्पतालहरुलाई नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने बेबी वार्मर प्रदान गरेको हो ।

अस्पतालहरुमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका विभिन्न पदाधिकारीहरुबाट महाकाली स्वास्थ्य चौकी र आँबुखैरेनी अस्पतालका पदाधिकारीहरु लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरुको उपस्थितिका बिच सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको हो । साथै, सोहि कार्यक्रमका बीच अस्पतालका डाक्टर, नर्स लगायत सम्बन्धित कर्मचारीहरुलाई आविष्कार केन्द्रका स्वास्थ्य इन्जिनियर मार्फत बेबी वार्मर संचालन सम्बन्धि विशेष तालिम पनि प्रदान गराईएको थियो ।

नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने उक्त मेशिनबाट नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका वडा नं.५, शेरावगर स्थित महाकाली स्वास्थ्य चौकी र तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका वडा नं.३ स्थित आँबुखैरेनी अस्पतालमा प्रसुति सेवा लिन आउने प्रत्यक्ष्य रुपमा लाभान्वित हुनेछन् ।

बैंकले डा . महाविर पुनद्वारा प्रवर्द्धित राष्ट्रिय आविष्कार केन्द्रसंगको सहकार्यमा "न्यानो नानी परियोजना" अन्तर्गत पछिल्लो ३ वर्षमा देशका ३५ विभिन्न अस्पतालहरुलाई बेबी वार्मर प्रदान गरिसकेको छ । आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ।

संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ । ज्योति विकास बैंकले हाल १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।




# एकेडेमी अफ क्यापासीटी र डेभलपमेन्ट अफ नेपालबीच सहकार्यको घोषणा

काठमाडौं। एकेडेमी अफ क्यापासीटी डेभलपमेन्ट अफ नेपाल ACDN र अन्तर्राष्ट्रिय स्तरको भारतको अग्रणी व्यावसायीक संस्थाहरू मध्येएक, KPMG In India ले नेपालमा आईएफआरएस क्ष्ँच्क, वित्त तथा लेखा (Finance and Accounting) व्यवसायीक सहकार्य (Business Partnering) तथा डिजिटल विश्लेषण (Digital Analytics) लगायतको क्षेत्रमा गतिशील सिकाइ र क्षमता विकासका कार्यक्रमहरू संयुक्त रुपमा सञ्चालन गर्न सहकार्य गर्ने घोषणा गरेका छन् । क्षमता विकास कोर्षहरु सञ्चालन गरि व्यक्तिगत र संस्थागत सीप तथा ज्ञान वृद्धि गर्नु यस साझेदारीको प्रमुख उद्देश्य रहेको छ ।




यस सहकार्यको घोषणाले नेपालको वित्त तथा लेखा प्रणाली क्षेत्रकोनिरन्तर सिकाइ र क्षमता अभिवृद्धिको वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । यस समझदारीमा केपीएमजी(KPMG In India)का तर्फबाट Associate Partner, शुभ्रो भट्टाचार्य र एसीडएनका तर्फबाट संस्थाका प्रबन्ध निर्देशक नारायण सुन्दर सिल्पकारले भर्चुअली हस्ताक्षर गर्नु भयो ।

यस साझेदारी अन्तर्गत सिकाइ विकास र प्रवाहमा विज्ञको रुपमा परिचित केपीएफजी (KPMG In India) ले वित्त तथा डिजिटल क्षेत्रमा लामो

बाँकी ६ पृष्ठमा

# अर्थ संसार

## लक्ष्मी भ्यालु फण्ड २ मा शत् प्रतिशत आवेदन

काठमाडौ । लक्ष्मी भ्यालु फण्ड २ को इकाई बाँडफाँट भएको छ । लक्ष्मी सनराइज बैंक लिमिटेड कोष प्रवर्द्धक र लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा ८० करोड रुपैंया बराबरको ८ करोड इकाईको बिक्री खुल्ला गरेकोमा निर्धारित समयावधि भित्रनै शत् प्रतिशत इकाइ बिक्री भएको कम्पनिले जारी गरेको नोटमो उल्लेख गरेको छ ।

Laxmi MUTUAL FUND

## कामना सेवा बैंकको तिम्रै लागि मुद्दती सार्वजनिक

काठमाडौ । कामना सेवा विकास वैंकले आफ्ना ग्राहकवर्गहरुको सेवालाई मध्यनजर गर्र्दै नयाँ निक्षेप योजना सार्वजनिक गरेको छ । पारिवारीक सम्वन्धलाई मजवुत वनाउदै, आफ्नो प्रियजनमा खुशी र आफ्नो पन संचार गर्न उपहारको नयाँ परम्पराको शुरुवात स्वरुप "तिम्रै लागि" मुद्धती र वचत खाता सार्वजनिक गरेको हो ।

पछिल्लो समय आफन्तपन र पारिवारिक सम्वन्धको महत्वलाई लिएर विभिन्न पर्व, उत्सव तथा दिवसहरुमा उपहार दिने प्रचलन वढेकोमा यस्ता उपहार कुनै अफ्ठेरो अवस्थामा प्रयोग गर्न सकिने तथा आर्थिक सहयोगको समेत आभास हुने गरि उपहारको नयाँ परम्पराको शुरुवात गर्न वैंकले नयाँ निक्षेप योजना ल्याएको वैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले वताउनुभयो ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

सम्वन्धपनको महत्व दर्शाउदै उक्त खाता हजुरवुवा हजुरआमा, वुवा आमा, श्रीमान् श्रीमती, दाजुभाई, दिदिवहिनी, छोराछोरी तथा नातीनातिनाहरुले आफ्नो पारिवारिक सम्वन्ध भित्र जो कसैलाई पनि उपहार स्वरुप उक्त मुद्धती खाता उपहार गर्न सकिने बैंकले जनाएको छ ।

न्युनतम रु.१० हजारमा नै खोल्न सकिने मुद्धती खातामा मासिक रुपमा व्याज प्राप्त गर्न सकिनेछ । उक्त खाता खोल्दा बैंकको मोवाईल तथा इन्टरनेट बैंकिङ, लकर सुविधा र डेविट कार्ड निःशुल्क प्राप्त गर्न सकिने छ । उक्त मुद्धती खातामा रहेको मौज्दातको ९० प्रतिशत सम्म कर्जा सुविधा तत्कालै प्राप्त गर्न सकिने वैंकले जनाएको छ । उपहारको नयाँ परम्पराको शुरुवात गर्नको लागि ल्याईएको उक्त खातामा आवश्यकता अनुसार थप रकम जम्मा गर्दै समेत जान सकिने समेत विशेषता रहेको बैकले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

## महालक्ष्मी विकास बैंकको परिष्कृत अनलाइन सेवा सञ्चालनमा

काठमाडौ । ग्राहकहरुको डिजिटल बैंकिङ्गको आवश्यकता र चाहनालाई मध्यनजर गर्दै महालक्ष्मी विकास बैंकद्वारा सञ्चालित अनलाइन सेवाहरुलाई परिष्कृत गर्दै पुनः सञ्चालनमा ल्याएको छ । बैंकले अनलाइन सेवालाई परिष्कृत गरेसँगै ग्राहकहरुले अनलाइन मार्फत सहजै Account Opening, KYC Update, New Debit Card, Mobile Banking, Internet Banking, New Locker and :erchant -QR_ Request ७ Dispute Claim जस्ता सेवाहरु प्राप्तगर्न सक्नेछन् ।

बैंकको आधिकारिक वेवसाइट www.mahalaxmibank.com र eservice.mahalaxmibank.com.np मार्फत ग्राहकहरुले उक्त सेवाहरु लिन सक्नेछन् । डिजिटल बैंकिङ्गलाई प्रोत्साहनगर्दै विद्युत्तीय सेवाहरुलाई प्रभावकारी बनाउने उद्देश्यले बैंकले उक्त अनलाइन सेवालाई संशोधन गरेको हो ।

"सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रुपले सरल र सहजताका साथ वित्तीय सेवा प्रदान गर्दै आईरहेको बैंकले आगामी दिनहरुमा पनि डिजिटल बैंकिङ्गका कार्यहरुलाई थप प्रभावकारी रुपमा निरन्तरता दिने जनाएको छ ।

विगत देखि नै ग्राहक महानुभावहरुको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिवद्ध रहि आएको यस बैंकले आम ग्राहक महानुभावहरुको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर गर्दै अझै थप गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता रहेको बैकले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

# इन्जिनियरिङमा शुल्कवृद्धिविरुद्ध प्रधानमन्त्रीको सरकारी निवासमा नेविसंघको प्रदर्शन

काठमाडौँ – इन्जिनियरिङ अध्ययन संस्थानमा शुल्क वृद्धि गरिएको विरोधमा सत्ताघटक नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघले बालुवाटार स्थित प्रधानमन्त्रीको सरकारी निवास वरपर विरोध प्रदर्शन गरेको छ । प्रधानमन्त्रीको निवास घेराउ गर्ने भन्दै सडकमा उत्रिएका नेविसंघसम्बद्ध विद्यार्थीहरुलाई प्रहरीले रोकेको थियो ।

नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले इन्जिनियरिङ अध्ययन संस्थानले अस्वाभाविकरुपमा स्नातक तहको शुल्कवृद्धि गरेको, र त्यसबारे संस्थानकै विद्यार्थीसहित नेविसंघ आन्दोलित हुँदासमेत सरकारले बेवास्ता गरेपछि प्रदर्शनमा उत्रिनुपरेको बताए । उनले शनिबार विज्ञप्तिमार्फत बालुवाटार घेराउ कार्यक्रमका लागि आह्वान गरेका थिए ।

संस्थानले एकै पटक अस्वाभाविक रुपमा शुल्कवृद्धि गर्दा अब इन्जिनियरिङ शिक्षा गरिब तथा जेहन्दार विद्यार्थीका लागि आकाशको फल बनेको नेविसंघको ठहर छ । संस्थानमा गरिएको



शुल्कवृद्धि फिर्ता लिनुपर्ने माग गर्दै नेविसंघका नेता सुलभ चापागाईं ६ दिनदेखि आमरण अनशनमा बसेका छन् ।

तत्काल शुल्कवृद्धि फिर्ता लिएर चापागाईंको जीवनरक्षा गर्नुपर्ने नेविसंघका केन्द्रीय सदस्य भुवन भट्टले बताए । नेविसंघले सबै विश्वविद्यालयमा इन्जिनियरिङ शिक्षाको एकै मापदण्ड तय गरी एकरुपता ल्याउनुपर्ने र इन्जिनियरिङ अध्ययन संस्थानले हालै गरेको शुल्कवृद्धि फिर्ता लिनुपर्ने माग गरेको छ । त्यस्तै, विद्यार्थी विदेश पलायनलाई रोक्न राष्ट्रिय संकट घोषणा गर्नुपर्ने नेविसंघको माग छ ।

# जाम घटाउने लक्ष्यसहित ललितपुर महानगरले सुरु गऱ्यो 'समानान्तर पार्किङ'




ललितपुत । ललितपुर महानगरपालिकाले आजदेखि समानान्तर पार्किङ सुरु गरेको छ । ललितपुर महानगर प्रहरी प्रमुख सिताराम हाछेथुले आजदेखि सडकको एकपट्टि समानान्तर पार्किङ सुरु गरेको रातोपाटीलाई जानकारी दिए ।

उनका अनुसार यसअघि सवारीलाई सडकमा छड्के पारेर राख्ने गरिएको थियो । जसले गर्दा बाटोको आधा भाग डाक्दै आइरहेको थियो । हाछेथुले छड्केरुपमा गाडी पार्किङ गर्दा सडकको करिब २८ फिटसम्म ढाक्ने गरेको बताए । तर, आजदेखि समानान्तर ९सिधारुपमा० पार्किङ सुरु गरेपछि जाम हट्ने उनको भनाइ छ ।

कुमारीपाटी स्कुल कलेजको हब समेत हो । यस्तै, ललितपुरको ठुला बजारहरूको सूचीमा कुमारीपाटी समेत पर्छ । लगनखेल जाने प्रमुख नाका समेत भएकाले यस स्थानमा धेरै जाम हुने गरेको छ । यही जामलाई व्यवस्थापन गर्ने लक्ष्यसहित महानगर प्रमुख चिरिबाबु महर्जनले समानान्तर पार्किङ सुरु गरेका हुन् । उनले स्थानीय बासिन्दा र व्यापारीको समन्वयमा समानान्तर पार्किङ सुरु गरेका हुन् ।

'अस्तव्यस्त पार्किङ व्यवस्थाले सडक अव्यवस्थित बन्दा सडकमा सवारी दुर्घटना समेत हुने गरेको थियो,' हाछेथुले भने, 'कुमारीपाटी आसपासको ७३४ मिटरमा फैलिएको छ ।' यसबाट, जावलाखेलदेखि पाटनढोका जाने क्षेत्रसम्म पार्किङ व्यवस्थित बन्ने उनको भनाइ छ ।

महानगरले जावलाखेलबाट लगनखेल जाँदा बायाँतर्फ पार्किङको व्यवस्था गरेको हो ।

# जुद्धोदय पव्लिक अलुम्नाई संघको छैठौं साधारण सभा सम्पन्न

काठमाण्डौ । जुद्धोदय माध्यमिक बिद्यालय (जे.पी. हाईस्कुल) क्षेत्रपाटी काठमाण्डौमा अध्ययन गरेका पूर्व बिद्यार्थी हरुको संगठन जुद्धोदय पव्लिक अलुम्नाई संघको छैठौं बार्षिक साधारण सभा सम्पन्न गरिएको छ ।

बिभिन समयमा जुद्धोदय माध्यमिक बिद्यालयबाट अध्ययन गरि निस्किएर समाजका बिभिन्न क्षेत्रमा योगदान दिइसकेका पूर्व बिद्यार्थीहरुले २०७५ सालमा भेला भई जुद्धोदय पव्लिक अलुम्नाई संघको गठन गरिएको थियो ।

शनिवार काठमाण्डौ ठमेल स्थित बिद्यालयमा संघका अध्यक्ष दीपक राज वन्तको अध्यक्षता तथा २०११ सालमा संचालित प्रवेशिका परिक्षामा बोर्ड फर्स्ट हासिल गरि लामो समय देखि देशको सेवा पुर्याएका ई. पदमलाल श्रेष्ठको प्रमुख आतिथ्यता एवं समाजका बिभिन्न क्षेत्रमा यथेष्ट योगदान दिएका पूर्व बिद्यार्थी हरुको समुपस्थितिमा छैठौं वार्षिक साधारण सभा सम्पन्न गरिएको थियो ।

सो अवशरमा जुद्धोदय मा. बि. बाट २०७९ मा संचालित एस.ई.ई. परिक्षामा सम्मिलित भई उच्चतम अंक (जीपीए) हाशिल गर्ने छात्र तथा छात्रालाई क्रमशः राजीव कुमार शाह तथा शिवानी




कुमारी गुप्तालाई प्रोत्साहन स्वरुप नगद राशि सहित सम्मान-पत्र प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा महासचिव विजयरत्न तुलाधरद्वारा प्रगति प्रतिवेदन का साथै कोषाध्यक्ष सुदिप ठाकुरद्वारा आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

छैठौं बार्षिक साधारण सभाले आ. व २०७९/०८० को आय व्यय विवरण स्वीकृत गर्नुका साथै आ.व.२०८०/०८१ का लागि लेखापरिक्षक नियुक्ति गर्ने निर्णय गरेको छ ।

सभाले आगामी दुई बर्षे कार्यकालका दीपक प्रसाद मिश्र अध्यक्ष सहित विजय रत्न तुलाधर उपाध्यक्ष, ज्ञानु पण्डित महासचिव, सुदिप ठाकुर कोषाध्यक्ष र पञ्चरत्न डङ्गोल, देवेन्द्र मान सिंह, विजयमान श्रेष्ठ, गोविन्द सिलवाल, रोशन बज्राचार्य लगायको ९ सदस्यीय कार्यसमिति निर्विरोध रुपमा चयन गरेको छ ।

# एकाइसौ सताब्दिको जात्रा भन्दै उर्लिए बागमतीमा अभियान्तहरु

**मोहन कार्की ।**

काठमाडौ । बागमती महा जात्रा नाम दिएको कार्यक्रम आज बागमती किनार थापाथलीमा शुरु भएको छ । उक्त अभियानमा जोडिन ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन पनि आईपुगेका थिए । बिभिन्न धर्म मान्ने धर्म गुरुहरुले पुजा गरेर बागमती सफा अभियानमा भाग लिएका छन् । शिक्षक, विद्यार्थी, संघ, संस्थाका पदाधिरीहरु, स्थानीय, वातावरण संरक्षण संघ, संस्थाहरु, सञ्चारकर्मी, बागमती सरक्षण अभियान्तहरु, थापाथलीमा जम्मा भई ऱ्याफ्टिङमा समेत सहभागी भएका थिए । बागमती नदी महोत्सव २०८० महा जात्रा नाम दिएको कार्यक्रमको हिजो मात्र पत्रकार सम्मेलन गरेर जानकारी दिएको थियो ।

त्यस पत्रकार सम्मेलनमा "काठमाडौंको समृद्ध सभ्यतालाइ यहि नदिले जन्माएको" भनेर अभियान्तहरुले जानकारी गराएका थिए । बागमती जस्तै नेपालमा अन्य दुर्लव नदीहर रहेको जस्तै काली गण्डकी, कर्णाली, जस्ता नदीहरु पनि सरक्षण गर्नुपर्ने बताएका थिए । पत्रकार सम्मेलनमा पर्याटन वोर्डको सहयोग विगतमा पनि भएको र आउदा दिनमा पनि रहने पर्याटन वोर्डका प्रतिनिधिले बताएका थिए ।

नेपाल एसोसिएसन अफ र्याफ्टिङ एजेन्सिज(नारा) बागमती सफाई अभियान, वातावरण सरक्षण सघ सस्था, रिभर गाइडहरु, लगायत उपस्थितिमा ऱ्याफ्टिङ चलाएर मनोरञ्जन समेत दिइएको थियो ।

## खेलकुद

# टी-ट्वान्टी आई सिरिजमा नेपाल र मलेसिया भिड्दै

काठमाडौं । मलेसियामा जारी चार देश सम्मिलित महिला टी-ट्वान्टी आई सिरिजमा नेपालले आज घरेलु टोलीसँग प्रतिष्पर्धा गर्दैछ ।



मलेसिया र नेपालबीचको खेल नेपाली समय अनुसार दिउँसो पौने १२ बजे मलेसियाको बायोमास ओभलमा शुरु हुनेछ । आइसीसी महिला टि-ट्वान्टी विश्वकप एशिया क्षेत्र छनोट अघि नेपाल, मलेसिया, हङकङ र कुवेतले चार देश सम्मिलित सिरिज खेलिरहेको छ ।

यसअघिका दुई खेलमा जित दर्ता गरेको नेपाल ४ अंकसहित फाइनल नजिक छ । मंगलवार भएको पहिलो खेलमा नेपालले हङकङलाई पराजित गरेको थियो भने दोस्रो खेलमा कुवेतलाई पराजित गरेको थियो ।

# कुवेतविरुद्ध जित निकाल्दै नेपाल

काठमाडौं । कुवेतविरुद्ध जित निकाल्दै नेपाल चार देश सम्मिलित महिला टी-२० आई क्रिकेट सिरिजको फाइनल नजिक पुगेको छ । बुधबार भएको खेलमा नेपालले कुवेतलाई ३४ रनले पराजित गरेको हो । योसँगै नेपालले लगातार दोस्रो जित निकालेको हो ।

जितका लागि ९० रनको मध्यम विजयी लक्ष्य पछ्याएको कुवेतले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ५५ रनमात्रै बनाउन सक्यो । कुवेतका लागि जिफा जिलानीले १९ बलमा १ चौकासहित ११ रन बनाउनुभयो । त्यस्तै, खादिजा खलिलले २२ बलमा १० रन बनाउनुभयो । अन्य कुनै पनि कुवेती ब्याटरले नेपाली बलरसामु दोहोरो अंकमा रन बनाउन सकेनन् ।

नेपालका लागि इन्दु बर्माले ४ ओभरमा १० रन खर्चेर ३ विकेट लिनुभयो । नेपालका लागि पहिलो खेल खेल्नुभएकी खुसी डंगोलले ३ ओभरमा २ मेडनसहित ३ रन खर्चेर २ विकेट लिनुभयो । ईश्वरी विष्ट, कविता कुँवर र सीता रानामगरले एकरएक विकेट लिनुभयो ।

त्यसअघि बायोमास ओभलमा टस हारेर पाहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ८९ रन बनाएको थियो । नेपालको जितमा इन्दु बर्माले १९ बलमा २ चौकासहित २३ रन बनाउनुभयो । काजोल श्रेष्ठले १८ बलमा १ चौकासहित १९ रनको अविजित इनिङ खेल्नुभयो । ओपनर पूजा महतो डक, सम्झना खड्का १, अनुभवी ब्याटर सीता रानामगर १२ बलमा ७, कप्तान रुविना क्षेत्री बेलबासे ५, विन्दु रावल ४५ बलमा २०, कविता जोशी २ र कविता कुँवर डक आउट हुनुभयो ।

महियम हैदरले ४ ओभरमा ८ रन खर्चेर ४ विकेट लिए पनि ब्याटिङ नचल्दा टोलीलाई जिताउन सक्नुभएन । मर्याम ओमारले ३ ओभरमा १० रन खर्चेर २ विकेट लिनुभयो । प्रियादा मुराली र खादिजा खलिलले एक-एक विकेट लिनुभयो । यसै खेलमार्फत् युवा लेग स्पिनर खुसी डंगोलले नेपाली महिला क्रिकेट टोलीमा डेब्यु गर्नुभयो । बागमती प्रदेशबाट घरेलु क्रिकेट खेल्ने खुसीलाई नेपालले डेब्यु दिएको हो । नेपालले टोलीमा दुई परिवर्तन गरेको थियो । यस्तै, बायाँ हाते तीव्रगतिकी बलर ईश्वरी विष्टले पनि यस खेलमा खेल्नुभएको थियो । कुवेत तुलनात्मक रूपमा कमजोर हुँदा नेपालले परिवर्तन गरेको हुन सक्छ । नेपालले पहिलो खेलबाट तीव्र गतिकी बलर अश्मिना कर्माचार्य र अप्सरी बेगमलाई भने बेन्चमा राखेको छ ।

नेपालले पहिलो खेलमा हङकङलाई ६ विकेटले हराएको थियो । चार देश सम्मिलित सिरिजमा नेपाल दुई खेलमा चार अंकका साथ शीर्षस्थानमा छ । नेपालले अन्तिम खेल शुक्रबार मलेसियासँग खेल्नेछ । उक्त खेलमा विजयी भएमा फाइनलमा पुग्नेछ । पराजित भएमा अन्य टोलीको नेट रनरेटमा भर पर्नेछ । शीर्ष दुईमा रहन सके शनिबार फाइनल खेल्नेछ । पराजित टोली तेस्रो स्थानका लागि खेल्नेछ ।

नेपालले सोमबार थाइल्याण्डसँग पनि अभ्यास खेल खेल्नेछ । त्यसपछि नेपालले आइसिसी महिला टी-२० विश्वकप एसिया क्षेत्र छनोट खेल्नेछ । त्यसैको तयारीका लागि नेपालले यो खेल खेलेको हो । एसिया क्षेत्र छनोट अगष्ट ३१ देखि ९ सेप्टेम्बरमा मलेसियामा खेल्नेछ ।

नेपालको समूहमा युएई, कतार, मलेसिया, भुटान र बहराइन छन् । समूह 'बी'मा चीन, हङकङ, कुवेत, म्यानमार र थाइल्याण्ड छन् । शीर्ष दुई टोलीले सेमिफाइनल खेल्नेछन् । फाइनल पुग्ने दुई टोलीले २०२४ मा ग्लोबल महिला टी-२० विश्वकप खेल्न पाउनेछन् । नेपालले पहिलो खेलमा ३१ अगष्टमा मलेसिया, १ सेप्टेम्बरमा बहराइन, ३ सेप्टेम्बरमा भुटान, ४ सेप्टेम्बरमा कतार र ६ सेप्टेम्बरमा युएईसँग खेल्नेछ ।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



### कमलको हत्या...

पृष्ठ १ बाट जारी

उनीहरूले पनि कमलको हत्या भएको बताएका छन् । आफूहरूलाई पनि मार्ने डरले त्यस्तो कदम उठाएको उनीहरूको भनाइ छ ।

सोमबार सुधार गृह तोडफोड गरेर भागेका २५५ जना बालक भागेका थिए। तीमध्ये २४८ जना बालकलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ। बाँकी ७ जनाको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय भक्तपुरको डिएसपी बसन्त पाठकले जानकारी दिए ।

त्यहाँ २५५ बालक र ४३ बालिका गरी २९८ जना थिए । बालकहरू मात्र तोडफोड गरेर भागेका युसेफ नेपालका निर्देशक केशव सुवालले बताए।

सुधार गृह युसेफ नेपालको व्यवस्थापनमा गृह मन्त्रालय अन्तर्गत सञ्चालित संस्था हो । निर्देशक सुवाल परिवारले आरोप लगाएको जस्तो घटना नभएको बताउँछन् ।

आइतबार सामान्य बिरामी थिए । बेहोस अवस्थामा अस्पताल पुर्‍याइएको थियो। होस नै नआई बिते, उनले भने ।

उनी बितेपछि परिवारलाई खबर गरिएको थियो । परिवारले त्यसलाई हत्या भएको आरोप लगाइरहेका छन्। पोस्टमर्टमको लागि शव काठमाडौं मेडिकल कलेज लगिएको छ तर परिवारले परीक्षण गर्न नमानेको उनको भनाइ छ।

परिवारले क्षतिपूर्ति माग गरेका छन्, उनले भने,छानबिन समिति गठन भएको छ। उहाँहरूको रिपोर्ट अनुसार अगाडि बढ्यौं भन्दा परिवार मानेका छैनन् ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरको सहायक प्रमुख डोरेन्द्र निरौलाको संयोजकत्वमा ४ सदस्यीय समित गठन भएको छ ।

सहायक प्रमुख निरौलाका अनुसार मंगलबार दिनभर मृतकको परिवारसँग छलफल भयो ।

'उहाँहरूले पोस्टमर्टम गर्न दिनुभएको छैन । प्रारम्भिक अनुसन्धान गर्दा हत्या भएको देखिँदैन । बुधबार १२ बजे पुन छलफलको लागि मृतकका परिवारलाई बोलाएका छौं,उनले भने, पोस्टमर्टम गर्न पाए कसरी मृत्यु भएको थाहा हुन्थ्यो ।

जिल्ला प्रहरी भक्तपुरको डिएसपी पाठक पनि प्रारम्भिक अनुसन्धानमा हत्या भएको जस्तो नदेखिएको बताउँछन् । शव हेर्दा हत्या भएको देखिँदैन,डिएसपी पाठकले भने ।

प्रहरीले शंका लागे उजुरी दिएर कानुनी प्रक्रियामा जान सल्लाह दिएको छ। तर संस्थालाई उजुरी गर्न नमिल्ने भनिएकाले कानुनी कारबाहीमा जान रोकिएको मृतकका आफन्त बताउँछन् ।

१८ वर्षभन्दा माथिका उमेर समूहका व्यक्तिलाई बाल सुधार गृहमै राख्दा एक (आपसमा झैझगडा भए पनि कर्मचारीले हातपात नगर्ने गरेको निर्देशक सुवालले बताए ।

गृहमा १८ वर्षभन्दा माथिका धेरै छन्, उनले भने,१८ वर्षभन्दा मुनिका १३१ जना र १८ वर्षभन्दा माथिका १६७ जना छन् ।

उनका अनुसार १८ वर्षभन्दा कम उमेर समूहका व्यक्तिले अपराध गरेमा सुधार गृहमा राख्ने कानुनी व्यवस्था छ । त्यस्तै उनीहरूको उमेर बढ्दै गए पनि त्यही राखिन्छ।

उमेर बढ्दै जाँदा कारागारमा सार्ने कानुनी प्रावधान छैन,उनले भने, धेरै झगडा गर्ने व्यक्तिलाई अर्को सुधार गृहमा पठाउँछौं ।

जतिसुकै उमेर पुगे पनि सुधार गृहमा आएका बालबालिका त्यहीबाट कानुनी सजाय काटेर मात्र निस्किन्छन् ।

१८ वर्षभन्दा माथि उमेर समूहका व्यक्ति भक्तपुरमा मात्र होइन । देशभरकै सुधार गृहमा त्यस्तै देखिन्छ । देशभर ८ वटा सुधार गृह छन् । भक्तपुर, मोरङ, कास्की, पर्सा, रूपन्देही, डोटी, बाँके, मकवानपुरमा छ ।

त्यस्तै, देशभर १ हजार १३९ जना बालबालिका छन् । तीमध्ये १४ वर्षमुनिका ८, १४ देखि १६ वर्षमुनिका ९५, १६ देखि १८ वर्षसम्मका ५१२ र १८ वर्षदेखि माथिका ५२३ जना रहेको कारागार व्यवस्थापन विभागको तथ्यांक छ ।

कारागार व्यवस्थापन विभागका निर्देशक सागर शाहका अनुसार १८ वर्षभन्दा माथिका बालबालिकालाई छुट्टै राख्ने योजना बनिरहेको छ। तर पूर्णता पाउन सकेको छैन ।

उनका अनुसार बाँकेमा कारागारको भवन बन्दै छ । त्यहीको एउटा भवनमा १८ वर्षभन्दा माथिका किशोर(किशोरीलाई राख्ने छुट्टै राख्ने योजना छ।

अहिलेसम्म सुधार गृहमा राखिएका बालबालिकाको उमेर बढ्दै जाँदा कारागार लगिएको रेकर्ड छैन, उनले भने, बाल कसुर ठहर भएकाले उमेर बढे पनि लगिँदैन ।

भौतिक संरचना आवश्यकता अनुसार नभएकाले बाल सुधार गृहका बालबालिकाले विभिन्न समस्यासँग जुध्नु परेको उनको भनाइ छ ।

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ परिच्छेद (२ को ६ मा बाल सुधार गृहमा स्वच्छ पिउने पानी पोषणयुक्त खानेकुरा लगायतका न्यूनतमा सुविधाको व्यवस्था हुनुपर्ने उल्लेख छ । तर अनुगमन नहुँदा कानुनले तोकेजस्तो सेवा सुविधा पाउन सकेका छैनन् ।

*सेतो पाटी डट कमवाट साभार गरिएको हो ।*

## व्यक्तिको जग्गामा प्रवेश नगर्न मेयर हर्कलाई अदालतको आदेश

विराटनगर । उच्च अदालत विराटनगरले सुनसरीस्थित धरान उपमहानगर पालिकाका मेयर हर्क राज राई (हर्क साम्पाङ) लाई व्यक्तिका जग्गामा प्रवेश नगर्न आदेश दिएको छ ।

बिहीबार उच्च अदालतका न्यायाधीश दिनेशप्रसाद यादवको एकल इजलासले प्याराग्लाइडिङ व्यवसायी रोशन अधिकारी र रोजिना अधिकारीको जमिनमा प्रवेश नगर्न, उनीहरूमाथि धरपकड नगर्न आदेश दिएको हो ।

यसअघि पनि अदालतले सोही आदेश दिएको थियो । जबरजस्ती व्यक्तिको जग्गामा वृक्षारोपण गर्न गएपछि अदालतले एक महिनाअघि व्यक्तिको जमिनमा प्रवेश नगर्न र वृक्षारोपण नगर्न आदेश दिएको थियो ।

धरान-४ स्थित छोटी मोरङ डाँडामा रहेको रोशन अधिकारी र रोजिना अ(धकारीको जमिनमा साम्पाङले जबरजस्ती विरूवा रोपेको भन्दै अधिकारी दम्पती यसअघि नै अदालत गएका थिए ।

गत सोमबार मेयर साम्पाङ फेरि जमिनमा पुगेर घर भत्काइदिने धम्की दिए(पछि विवाद बल्झेको थियो । उक्त घटनाले आफूमाथि दुर्व्यवहार भएको भन्दै मेयर साम्पाङले प्रशासनमा उजुरी दिए ।

अधिकारी दम्पतीलाई पक्राउ गर्न मेयर साम्पाङले प्रहरीलाई दबाब दिएपछि उनीहरु पुनः अदालत गएपछि दोस्रोपटक सो आदेश आएको हो ।



### हाजिरी जवाफ...

पृष्ठ १ बाट जारी

हजार नगदसहित मेडल र प्रमाणपत्र वितरण गर्ने आयोजकले जनाएको छ । क्लबले सामुदायिक विद्यालयका विद्यार्थीहरुको क्षमता वृद्धि गर्न समेत हाजिरी जवाफ प्रतियोगिताले ठुलो भूमिका खेल्ने विश्वास लिएको छ ।

लायन्स क्लब अफ काठमाडौं डाउनटाउनले शैक्षिक क्षेत्रमा विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । यसपटक भने क्लबले विद्यार्थीको समसामयिक ज्ञानको दायरा बढाउन हाजिरीजवाफ प्रतियोगिता गर्न लागेको हो ।

क्लबले रुम टु रिड संस्थामार्फत कक्षा १ देखि १० सम्मका करिब १० हजार छात्राहरुलाई पोशाक वितरण गरेको छ । क्लबले स्वास्थ्य शिविर, खाद्यान्न वितरण, शैक्षिक सामग्री वितरण, पोशाक वितरण जस्ता सामाजिक कार्यहरु गर्दै आइरहेको छ ।

### एकेडेमी अफ क्यापासीटी...

पृष्ठ १ बाट जारी

अनुभव भएका विशेषज्ञहरुको समूहले स्थापना गरेको नेपालकोप्रमुख प्रशिक्षण संस्थाहरू मध्येएक, एकेडेमी अफ क्यापासीटी डेभलपमेन्ट अफ नेपाल ब्क्रम्ल्सँग सहकार्य गर्ने छ । यस सहकार्यको मूख्य उद्देश्य नेपालमा IFRS,वित्त तथा लेखा, व्यवसायी सहकार्य तथा डिजिटल विश्लेषण लगायतको क्षेत्रमा क्षमता विकासको विभिन्न कोर्षहरुको सञ्चालन गराउने रहेको छ । यी कोर्षहरु डिजिटल, भौतिक वा संयुक्त रुपमा नेपालको आवश्यकता अनुसार सञ्चालन गरिने छन् ।

यस रणनीतिक समझदारी बारेमा टिप्पणी गर्दै,शिल्पकारले भन्नुभयो, ACDN /KPMG In India बीचको सहकार्यले नेपालको सिकाइ र क्षमता अभिवृद्धि परिदृश्यमा गहिरो प्रभाव पार्ने लक्ष्य राखेको छ । दुवै संस्थाको सामूहिक विशेषज्ञता र स्रोतहरू प्रयोग गरेर यस समझदारीले तालिम प्रदान गर्ने लक्ष्य राखेको छ । साथै, यस समझदारीले मापनयोग्य सीपहरू, परिणाममुखी सिकाइ कार्यक्रमहरू र वास्तविक विश्वस्तरका आवश्यकताहरू सम्बोधन गरि व्यक्ति र संस्थाहरूलाइ आफ्नो दक्षता बढाउन र राष्ट्रको विकास र सफलतामा योगदान दिन क्षमता प्रदान गर्नेछ ।"

# अन्तराष्ट्रिय समाचार

## परमाणु केन्द्रको पानी समुद्रमा फालेको भन्दै जापानविरुद्ध फिजीमा प्रदर्शन

काठमाडौँ – जापानले फुकुसिमा दाइची परमाणु ऊर्जा संयन्त्रको परमाणु विकिरणबाट उत्पन्न दुषित पानी प्रशान्त महासागरमा फालेको भन्दै फिजीका नागरिकहरूले विरोध जनाएका छन् ।

शुक्रबार उनीहरुले सडकमा नारा लगाउँदै विरोध जुलुस निकालेका हुन् । फिजी गैर सरकारी संगठन कोलिसन अन ह्युमन राइट्सको नेतृत्वमा प्रदर्शनकारीहरूले समुन्द्र र भावी पुस्ताको रक्षा गर्न टोकियोको कदम रोक्न अन्तर्राष्ट्रिय स्तले कारबाही गर्नुपर्ने बताए । उनीहरूले यो मानिसहरूको लागि अपमान भएको बताए । प्रशान्त महासगरसँग जोडिने देशहरू साना भए पनि सबै देशका मानिस समान हुने र जापानको यो कदम डरलाग्दो रहेको उनीहरूको भनाइ छ ।




त्यस्तै 'भविष्यका पुस्ताका लागि गठबन्धन'का सहसंस्थापक लभेतानालागी सेरुले प्रशान्त क्षेत्रमा आणविक परीक्षणको इतिहास रहेको र मार्शल टापुका मानिसहरू अझै पनि आणविक प्रदूषणसँग जुधिरहेको बताए ।

मार्शल टापुले सन् १९४६ देखि १९५८ सम्म संयुक्त राज्य अमेरिकाद्वारा सञ्चालित ६७ आणविक बम परीक्षणको प्रभाव झेलिरहेको उनको भनाइ छ । जापानले गत बिहीबारदेखि फुकुसिमा दाइची परमाणु ऊर्जा संयन्त्रको परमाणु विकिरणबाट उत्पन्न दुषित पानी प्रशान्त महासागरमा फाल्न सुरु गरेको थियो ।

## जिम्बावेको राष्ट्रपतिमा एमर्सन मनांगाग्वा पुनः निर्वाचित

काठमाडौँ – जिम्बावेको राष्ट्रपतिमा एमर्सन मनांगाग्वा दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन् । कुल मतको ५२.६ प्रतिशत मत प्राप्त गरेपछि उनी दोस्रो कार्यकाल (५ वर्ष)का लागि पुनः निर्वाचित भएको जिम्बावे निर्वाचन आयोग (जेडईसी) ले शनिबार घोषणा गरेको हो ।



जेडईसी अध्यक्ष प्रिसिला चिगुम्बाले अगस्ट २३-२४ को चुनावमा मनांग्वाले अन्य १० जना राष्ट्रपतिका प्रतिद्वन्द्वीलाई पराजित गरेको बताए ।

मनांगाग्वाका प्रमुख प्रतिस्पर्धी र विपक्षी सिटिजन्स फर कोएलिसन चेन्ज (सीसीसी) का नेता नेल्सन चामिसाले वैध मतको ४४ प्रतिशत मत प्राप्त गरेको चिगुम्बाले बताए । जिम्बावेको कानुनअनुसार राष्ट्रपति हुनका लागि कुल वैध मतको ५० प्रतिशत मत प्राप्त गर्नुपर्छ ।

जिम्बावेका जनताले बुधबार र बिहीबार नयाँ राष्ट्रपति, संसद्का सदस्य र स्थानीय सरकारका प्रतिनिधि छान्न मतदान गरेका थिए । जेडईसीका अनुसार मनांगाग्वाको सत्तारुढ जानुपीएफ पार्टीले संसदीय सिटको बहुमत हासिल गरेको छ ।

## फ्रान्समा अब १७ वर्षमै ड्राइभिङ लाइसेन्स पाइने

काठमाडौँ – फ्रान्स सरकारले सन् २०२४ मा १७ वर्ष उमेर पुगेकाह(रुले ड्राइभिङ लाइसेन्स लिन पाउने घोषणा गरेको छ । यसअघि ड्राइभिङ लाइसेन्सका लागि न्युनतम उमेर १८ वर्ष रहेको थियो । यसले युवाहरूलाई राम्रो हुने सरकारको भनाइ छ । तर विज्ञहरुले भने यो उमेर कोही पनि व्यक्तिलाई स्वतन्त्र रूपमा सवारी चलाउन दिने उमेर हुन नसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

एक पेरिस निवासी भन्छन्, 'व्यक्तिगत रुपमा मैले केही वर्षअघि ड्राइभिङ परीक्षा दिएँ । तर यो एकदमै नराम्रो महसुस भयो । किनभने म त्यो बेला जम्मा १८ वर्षको थिएँ । त्यो बेला मैले अझै सिक्नुपर्ने थियो । सवारी चलाउन एकाग्रताको बारेमा धेरै सिक्न आवश्यक थियो । मलाई पनि त्यो बेला थाहा थिएन कि यो राम्रो छ कि छैन भनेर तर यसका लागि परिपक्व हुन जरुरी हुन्छ ।'

सडक दुर्घटनामा १८ देखि २४ वर्ष उमेर समूहका युवाहरू बढी पर्ने गरेको कुरालाई मध्यनजर गरी फ्रान्सेली प्रधानमन्त्री एलिजावेथ बोर्नले ड्राइभिङ लाइसेन्स प्राप्तिका लागि आवश्यक मापदण्डहरुमा उच्चस्तरको ध्यान दिने प्रतिबद्धता जनाए । फ्रान्सका ड्राइभिङ प्रशिक्षक इसाक बेलिनले सबै ट्राफिक दुर्घटनाहरुको एक चौथाइ दुई वर्षभन्दा कम ड्राइभिङ अनुभव भएका मानिसहरुका कारण हुने गरेको बताए ।

## बाढीका कारण मेलम्ची–हेलम्बु सडक अवरुद्ध

सिन्धुपाल्चोक । अबिरल वर्षाका कारण सिन्धुपालचोकको हेलम्बु, मेलम्ची क्षेत्रमा बाढीले क्षति गरेको छ । लगातारको वर्षाले मेलम्ची नदीमा आएको बाढीका कारण मेलम्ची-हेलम्बु सडक यातायात अवरुद्ध भएको छ ।

हेलम्बु गाउँपालिकाको पहलमा सडक खुलाउने कार्यलाई अघि बढाइए पनि निरन्तर वर्षाको कारण यो सम्भव भएको छैन । मेलम्चीको सिमखेतमा पनि सडक अवरुद्ध भएको स्थानीय श्याम चालिसेले जानकारी दिए । पानी परिरहेकाले सडक मर्मत गर्न समस्या रहेको नगरपालिकाले जनाएको छ ।

निरन्तर वर्षाका कारण हेलम्बु-४ स्थित सरस्वती माध्यमिक विद्यालयको शौचालय बाढीले बगाएको छ भने कक्षाकोठा उच्च जोखिममा परेको हेलम्बु गाउँपालिकाका उपाध्यक्ष अप्सरा लामिछानेले जानकारी दिए । "अहिले विद्यालयका फर्निचर लगायतका सामान सार्ने काम भइरहेको छ", उनले भने, "वर्षा नरोकिएकाले विद्यालयसहित ग्याल्थुम बजार नै जोखिममा परेको छ ।"

पानी पर्न सुरु गर्नासाथ स्थानीय त्रसित बन्दै खोलो हेरेर बस्नुपर्ने अवस्था रहेको उनको भनाइ छ । बाढीले ग्याल्थुममा परीक्षा दिन जाने परीक्षार्थीलाई समस्या भएको स्थानीय श्याम लामिछानेले बताए । सरस्वती माध्यमिक विद्यालयको पढाइ आज बन्द रहने प्रधानाध्यापक कुमार घोरासैनीले जानकारी दिए ।



# कवि रामचन्द्र न्यौपाने 'वनवासी' को दुई कृति एकसाथ लोकार्पण

-जयराम बिडारी

काठमाडौ।सिसार साहित्य परिवार काठमाण्डौको आयोजनामा कवि रामचन्द्र न्यौपाने'वनवासी' को ज्ञानक्रान्ति (महाकाव्य) र भक्तिसागर (खण्डकाव्य) लोकार्पण गरियो ।

शनिवार काठमाण्डौ स्थित पद्मकन्या कलेजमा आयोजना गरिएको विशेष कार्यक्रममा उपस्थिस्थित बिशिष्ट व्यक्तित्वहरुले रामचन्द्र न्यौपानेका दुई कृति संयुक्त रुपमा एकसाथ लोकार्पण गरिएको थियो ।

सदानन्द तत्वज्ञान प्रचार परिषद नेपालका तत्वज्ञानी महात्मा दीपकजी को प्रमुख अतिथ्यता एवं त्रिविका उपप्राध्यापक तथा पद्मकन्या बहुमुखी क्याम्पस संस्कृत, पत्रकारिता र हिन्दी विभागका पूर्व विभागीय प्रमुख ज्ञाननिष्ठ ज्ञवालीको सभापतित्व तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, प्राडा भागवत ढकाल, कवि सीता भट्टराई, पूर्व प्रशासक कृष्णचन्द्र घिमिरे लगायत सयौ साहित्यानुरागी महानुभाव हरुको उपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यक्रममा कृतिको समीक्षा प्राडा भागवत ढकाल तथा कवि सीता भट्टराई र पूर्व प्रशासक कृष्णचन्द्र घिमिरेद्वारा गरिएको थियो । वनवासीका महाकाव्य ज्ञानक्रान्तिका बारेमा प्राडा ढकालले बोल्दै ईश्वर संगको सानिध्यता गुरुकृपाले प्राप्त हुनुका साथै आत्मामा परमात्मा तत्व जान्ने प्रयोजनमा ज्ञानतत्व प्रज्वलित नभए सम्म आत्मकल्याण हुन नसक्ने कुरा ब्यक्त गरेका छन् ।

यसैक्रममा अर्का समिक्षक कवि, साहित्यकार तथा समालोचक सीता भट्टराईद्वारा ज्ञानक्रान्तिमा




महाकाव्यकारले पूर्वीय दर्शनको आध्यात्मिक चेतनाको बिशिष्ट प्रभावका आधारमा ज्ञान र कर्मयोगलाई विषय बनाएर लेखिएको यस कृतिले तत्वज्ञानको खोजी नै जीवनको लक्ष बनाएको उल्लेख गरेकी छन् ।

उक्त अवसरमा कवि रामचन्द्रका दुई कृतिबाट कवि प्रभा भट्टराई,लक्ष्मी घिमिरे स्वस्तिक ढकालले रचना वाचन गरिएको थियो भने, कवि विजयराज न्यौपाने, कवि चन्द्रप्रसाद न्यौपाने, कवि विजयध्वज थापा, पत्रकार राजनप्रसाद न्यौपाने, मीनप्रसाद ज्ञवाली लगायत कविलाई कृतित्वका लागि बधाई तथा शुभकामना व्यक्त गरिएको थियो ।

साथै कार्यक्रममा प्रमुख अतिथिद्वारा धर्म जीवन जीउने सर्वोत्तम पद्धति रहेको चर्चा गर्दै पञ्चतत्वले शरीरको निर्माण भएजस्तै कर्मेन्द्रिय ज्ञानेन्द्रिय र धर्म सवै एकसमान रहेको हुँदा सवै धर्म एकै रहेपनि आजकल धर्मलाई पन्थका रुपमा व्याख्या गरिएको चर्चा गर्दै ब्रम्हाको शरीर धारण गरेर शाष्त्र अध्ययन गरेपनि वास्तविक ज्ञान प्राप्त गर्नका लागि तत्वज्ञानी महापुरुषको आवश्यकता रहने बताएका छन् ।

कार्यक्रममा कवि वनवासीद्वारा गुरुकृपाका कारण आफूले यस कृतिको रचनाा गर्न सफल भएको भन्दै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरिएको थियो भने कृतिका सम्पादक एवं भूमिकालेखक ज्ञाननिष्ठ ज्ञवालीले सम्पादन र भूमिका लेखनको जोखिमबारे धारणा राखेका थिए । कवि राधिका पन्तद्वारा संचालित उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न गरिएको थियो ।

# आउन बुढा नाचम् कम्मरै भाचम् तीज गीत जनै पुर्णिमाको दिन सार्वजनिक हुदै

काठमाडौ । तृष्णा फिल्मिस् मिडिया प्रा.लि.को प्रस्तुती रहेको आउन बुढा नाचम् कम्मरै भाचम् बोलको गीत जनै पुर्णिमाको दिन पारेर सार्वजनिक हुन लागेको छ । शव्द र संगीत ममता खत्री बस्नेतको रहेको गीतमा । गायक



धिरज अधिकारी (खत्री) गायिका विमला गैरे, सरस्वति उप्रेतीको स्वर रहेको छ । कोरियोग्राफी प्रेम शर्मा पौडेलले गरेका छन् । गीतमा अभिनय गर्ने कलाकारहरु प्रेम शर्मा पौडेल,धिरज अधिकारी (खत्री) राज गजमेर, सुनिता गजमेर, कविता अधिकारी (खत्री) लगायतले अभिनय गरेका छन् । उक्त गीतलाई छायाङ्कनमा राम्रो तरिकाले केशव अधिकारी (खत्री)ले सजाएका छन् ।

पश्चिमी भाषा र लवजमा रहेको तीज गीतलाई बजारमा नआउदै मानिसहरुले रुचाएको तृष्णा फिल्मस प्रा.लिका अध्यक्ष केशव अधिकारीले जानकारी दिएका छन् ।

# नियात्राकार राजेन्द्रमान डङ्गोलको नियात्रा कृति 'बादलडाँडा' लोकार्पण

काठमाण्डौ । पर्यटन र साहित्य संगसंगै अघि बढ्नुपर्छ भन्ने उद्देश्यका साथ गाऊँ पर्यटन प्रवर्द्वन मञ्च (भिटोफ ) नेपालको आयोजनामा नियात्राकार राजेन्द्रमान डङ्गोलकृत तेस्रो नियात्रा संग्रह 'बादलडाँडा'लोकार्पण सम्पन्न गरिएको छ ।

शनिवार काठमाण्डौ स्थित गोकर्ण हाउस रेस्टुरेन्ट पकनाजोल ठमेलमा आयोजना गरिएको बिशेष कार्यक्रममा प्रमुख अतिथि बिशिष्ट अतिथि लगायत अतिथीहरुद्वारा लोकार्पण गरिएको थियो । उक्त कार्यक्रममा गाउँ पर्यटन मञ्च(भिटोफ)का महासचिव निशेष थापाले अतिथिहरूको स्वागत गरेका थिए ।

धन्यवाद ज्ञापन भिटोफका पूर्व अध्यक्ष बोधराज भण्डारीले गरेका थिए ।

पर्यटन ब्यवसायी गोपाल थापको अध्यक्षता तथा प्रा. डा. रमेश भट्टराई को प्रमुख आतिथ्यता एवं पर्यटन बोर्डका उपाध्यक्ष चन्द्र रिजाल, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदी समिक्षकद्वय राम लोहनी तथा डा. बिन्दु शर्मा , श्रीओम श्रेष्ठ 'रोदन' लगायत भिटोफका पूर्व अध्यक्ष बोधराज भण्डारी लगायत सयौं साहित्यानुरागी महानुभावहरुको समुपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको हो ।

लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्राडडाड रमेश भट्टराईले विषयवस्तुको वर्णन अव्वल रहनुका साथै राजेन्द्र मान डङ्गोल आत्मपरक अनुभुतीको ब्याख्या र बिश्लेषण प्रकृति वर्णन लाई कलात्मक रुपमा प्रस्तुत गर्न खप्पिस रहेका हुनाले पछिल्लो समयमा प्रकाशित भएका कृतिहरुमा उत्कृष्ट रहेको बिचार ब्यक्त गर्दै,उनको लेखनमा पर्यावरणीय चेत अव्वल रहनुका साथै लेखनलाई स्थानीय जनजीविकासँग जोड्ने वा विवरण र वर्णन सन्तुलित रहेको बताएका छन् ।

यसैक्रममा टीप्पणीकार राम लोहहनीले यात्राबिवरणमा लेखिएको कतिपय कुराहरुको सन्दर्भ सामग्रीले भविष्यमा समेत अनुसंधान का लागि सामग्री बन्न सक्ने बिचार ब्यक्त गर्दै लेखनकलाका आधारमा भषा निक्कै राम्रोसंग प्रयोग गरिएको हिसावले पाठकलाई रुचिकर हुने बिचार ब्यक्त गरेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डाडु धनप्रसाद सुवेदीले भूगोललाई संस्कृति र समाजसँग जोडेका कारण 'बादलडाँडा' एक मानक नियात्रा सङ्गह बनेको अभिमत राखेका छन् । आफूले चीनमा भर्चुअल माध्यमबाट अध्यापनरत रहँदा त्यहाँ अध्ययनरत विद्यार्थीहरूले खोजेका उत्कृष्ट सामग्री नभेटिएकोले त्यतिबेला पाएको सास्तिको अनुभव सुनाउँदै'बादलडाँडा' जस्ता कृति आएकामा आफूलाई खुशी लागेको बताएका छन् ।

उक्त अवसरमा अर्का समालोचक डा. बिन्दु शर्मा ले लेखनले कौतुहलता सहितको गति प्रदान गर्नुपर्छ, जुन 'बादलडाँडामा' सन्दर्भ सामग्रीका रुपमा प्रयुक्त गरिएका फोटाहरुले स्थान परिचय का लागि बल पुगेको उल्लेख गर्दै यो कृति पर्यटन,पर्यावरण लगायत सामाजिक यथार्थता उजागर गर्नमा सफल रहेको बताउंदै आफ्नो रुचि र व्यवसायलाई संगसंगै ब्यवस्थित रुपमा सम्योजन गरि लेखिएकोले डङ्गोलको 'बादलडाँडा'पदयात्रा गाईडको रुपमा समेत चित्रित गर्न सकिने बिचार ब्यक्त गरेकी छन् । यसैक्रममा सर्जक राजेन्द्रमान डंगोलले आफ्ना कृतिहरु पाठकको मन मस्तिष्कमा जीवित बस्न सकेन भने लेखकिय भूमिका जीवित नहुने बिचार व्यक्त गर्दै कृति लोकार्पण पश्चात पाठकको नासोको रुपमा रहने कुरा बताएका छन् ।

कार्यक्रममा वरिष्ठ पर्यटन व्यवसायी तथा समाजसेवी आङछिरिङ शेर्पाले नियात्राकृति 'बादलडाँडा'ले पर्यटन प्रवर्धनमा दरिलो टेवा पुर्याउने राय प्रकट गरे । साथै उक्त कार्यक्रममा टानका पूर्व अध्यक्ष नवराज दाहाल, प्रा डुडाडु ऋषिराम शर्माले पनि कृति विमोचनको उपलक्ष्यमा नियात्राकारलाई शुभकामना दिएका थिए । कार्यक्रममा कवि तथा सम्पादक लक्ष्मी रूम्बाद्वारा सहजकर्ताको भूमिका निभाएकी छन् ।

# वर्षातका बाबजूद 'जय हो' प्रति दर्शकको आकर्षण

केही दिनदेखि निरन्तर पानी परिररहेको छ । जसले गर्दा जनजीवन नै अस्तव्यस्त बनेको छ । वर्षातको समयमा फिल्म रिलिज झन् जोखिमपूर्ण मानिन्छ । किनकि, पानीमा रुझ्दै दर्शकहरु हलसम्म पुग्न चाहँदैनन् । तर, वर्षातको बाबजूद पनि शुक्रबारबाट प्रदर्शन भएको फिल्म 'जय हो'ले दर्शकको सुखद साथ पाएको छ । बिहानी शो औसत भए पनि दिउँसोबाट फिल्मले दर्शक बढाएको छ ।

काठमाडौंका केही मल्टीप्लेक्सहरुमा दिवा शो करिब हाउसफुल थिए । शुक्रबार दिउँसो दर्शक प्रतिक्रिया बुझ्न पिता शोभित बस्नेत र श्रीमती करिश्मा केसीको साथमा काठमाडौंका केही हलमा पुगेका अभिनेता सलोन बस्नेत प्रफुलित मुद्रामा देखिए । पहिलो दिन नै दर्शकहरुको उत्साहजनक साथ र प्रतिक्रियाले फिल्ममा गरेको मिहिनेत केही हदसम्म सफल भएको उनले महसुस गरेका छन् ।

'दर्शकहरुले फिल्म हेर्दा मज्जा लिइरहनुभएको थियो । त्यसले एकखालको सन्तुष्टि मिलेको छ । लामो समयदेखि यही फिल्म भनेर म बसिरहेको थिएँ । र, आज दर्शकले जुनखालको प्रतिक्रिया दिनुभयो, त्यसले हामीले गर्न खोजेको कुरामा केही सफल भयौं भन्ने लागेको छ । धेरै ठाउँमा फिल्मको अकुपेन्सी राम्रो छ भन्ने खबर आएको छ । आज चाहिँ घर गएर मज्जाले सुतिन्छ,' सलोनले भने ।

'जय हो' सलोनको करिअरसँग जोडिएको छ । यसपटक उनलाई आफ्नो स्टारडम प्रमाणित गर्नुपर्ने चुनौती जति ठूलो छ, सहायक भूमिकाबाट माथि उठ्ने अवसर पनि छ । र, यसका लागि 'जय हो'को व्यावसायिक सफलता अनिवार्य छ । शुक्रबार र शनिबारको व्यापारले फिल्मको आयु निर्धारण गर्नेछ । सशक्त 'वर्ड अफ माउथ'को भरमा मात्र 'जय हो'ले हलमा लामो यात्रा तय गर्न सक्नेछ ।

टेक पौरखी राईको निर्देशन रहेको फिल्ममा सलोनका साथै केकी अधिकारी, माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ, कुमार थिङ र सुबि मगरको पनि अभिनय छ । शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा सुरज ल्वागन (सरकार) तथा राज के अधिकारी छन् । सौरभ लामाको छायांकन रहेको यो फिल्मको लेखन सुरेश न्यौपानेले गरेका हुन् ।

# माइती घरमा जाउला ढल्की ढल्की नाचौला सुसेली तीज गीत छिट्टै सार्वजनिक हुदै

काठमाडौ । जन आकाश मिडियाले निर्माण गरिरहेको सुसेली तीज छिट्टै सार्वजनिक हुने भएको छ । कोहलपुर निवासी चन्द्रवती अधिकारीको शव्द रहेको गीतको संगीत रामकृष्ण थापाले गरेका छन । उक्त गीतलाई उषा गजुरेले स्कर दिएकि छन् भने कोरसमा मनु दहालले स्वर दिएका छन् । गायिका स्वमले समेत अभिनय गरेर गीतलाई साच्चै तिजमय बनाइएको छ । गीतको कोरियोग्रफी प्रेम शर्मा पौडेलले गरेकाछन् । डारेक्शन मोहन कार्कीको रहेको छ । उक्त गीतमा अभिनय गर्ने दिदीबहिनीहरुको नामवली यस प्रकार छ ।

बिमुन्स पौडेल, मैया दाहल, अप्शरा दाहल, रचना दाहल, अनिशा दाहाल, तारा दाहल, लक्ष्मि दाहाल, सुभद्रा दाहाल, सिता देबि दाहाल, देबि माया दाहाल, सुनिता चौलागाइ, मन्जु चौलागाइ, आइसा चौलागाइ, सुनिता गौतम, सपना खड्का, सुमित्रा श्रेष्ठ,चन्द्रा न्यौपाने, सुशीला ढकाल अधिकारी, सुचिता काफ्ले, सुमित्रा श्रेष्ठ, कल्पना अधिकारी भट्टराई, सानू शर्मा, सुशीला पौडेल, ललिता दोषी,गीता अर्याल, उषा केसी, सफलता न्यौपाने, पार्वती घिमिरे पौडेल रहेका छन् । सुसेली तीज गीतको छायाङ्कन काठमाडौको मुलपानी चउरमा गरिएको थियो । गीतको छायाङ्कन केशव अधिकारी (खत्री) ले गरेका छन् ।



उक्त सुसेली तीज गीतको म्युजिक भिडियो केही दिनमा नै सार्वजनिक गर्ने तयारी भएको जन आकाश मिडियाका अध्यक्ष मोहन कार्कीले जानकारी दिएका छन् ।

# सारूक ताम्राकारको अन्तिम गीत सार्वजनिक

काठमाडौं । अभिनेता सारूक ताम्राकारको अन्तिम फिल्म ह्यासट्याग माया म्युजिक भिडिओको रूपमा सार्वजनिक गरिएको छ ।

बिहीबार काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै माया बोलको गीत सार्वजनिक गरिएको हो । भिडिओमा सारूक र अभिनेत्री निकिता आचार्यको दृश्यलाई समावेश गरिएको छ । यसमा फिल्मकी अर्की अभिनेत्री नम्रता श्रेष्ठको कुनै दृश्य समावेश गरिएको छैन ।

एसडी योगीको स्वर तथा संगीत रहेको गीतमा राम अविरल विष्टको शब्द छ भने रिकेश गुरुङले संगीत संयोजन गरेका छन् । गीतमा सर्मिला थापाको लगानी रहेको छ । उज्जवल जोशीले छायांकन गरेको गीतको भिडिओलाई प्रविण श्रेष्ठले सम्पादन गरेका हुन् ।

निधनअघि सारूक फिल्म ह्यासट्याग माया मा काम गरिरहेका थिए। फिल्मलाई राजिव गुरुङले निर्देशन गरिरहेका थिए । असार २१ गते राति सारूक काठमाडौंको रातोपुलस्थित आफ्नै घरमा मृत भेटिएका थिए ।

सारूक कलाकार सानु ताम्राकारका छोरा हुन् । उनले इन्टु मिन्टु लण्डनमा, मेरी मामु, रानी लगायतका फिल्ममा अभिनय गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


# एमके ग्रुपको रिटेलर मिट सम्पन्न, नयाँ उत्पादन लन्च

काठमाडौं - एमके ग्रुपको रिटेलर मिट सम्पन्न भएको छ । एमके ग्रुपको नेपालका लागि आधिकारिक वितरक सत्यदिप इन्टरनेसनलको आयोजनामा सो रिटेलर मिट सम्पन्न भएको हो ।




सो अवसरमा हालै उत्पादन प्रारम्भ गरिएको पेपर क्लच एसेम्बली, क्लच एन्ड ब्रेक लिभर तथा योक, नन-एस्बेस्टस ब्रेक शु र क्लच भेरिएटर लन्च गरियो ।

देशभरका रिटेलर सहभागी सो कार्यक्रममा एमके क्लचका म्यानेजिङ डाइरेक्टर नितिन भण्डारीले एमके ग्रुप र यसका उत्पादन वारेमा जानकारी प्रस्तुत गरेका थिए । एमके क्लचका एक्सपोर्ट्स हेड योगेश काल्रा तथा सत्यदिप इन्टरनेसनलका म्यानेजिङ डाइरेक्टर दिपेन्द्र मिश्र र मार्केटिङ डाइरेक्टर सञ्जिव हमालले सहभागीहरुलाई स्वागत गर्दै सवारी साधनमा प्रयोग गरिने विभिन्न पार्ट्स गुणस्तरीय हुनु पर्ने र सबै रिटेलरहरुले गुणस्तरीय सामग्री उपलब्ध गराउनका लागि भूमिका खेल्नु पर्ने बताए ।

सो अवसरमा रिटेलरहरुका लागि नयाँ स्किम समेत सार्वजनिक गरिएको थियो । सो स्किम अन्तर्गत एमकेका उत्पादन खरिद गर्ने रिटेलरहरुले हाल पाइरहेको छुट भन्दा थप ५ प्रतिशत छुट प्रदान गरिने बताइएको छ ।

सन् १९५९ मा रबर पार्ट्स र ग्यास्केट उत्पादनबाट शुरु भएको एमके ग्रुपको व्यवसाय हालको अवस्थामा आइपुगेको हो । सन् १९६४ मा रबर क्लच प्लेट, सन् १९७६ मा ब्रेक शु, सन् २०१२ मा क्लच एसेम्बली र सेन्ट्रिफ्युगल एसेम्बली, सन् २०१४ मा पेपर क्लच प्लेट हुँदै सन् २०२३ मा ह्यान्ड लिभर र योक उत्पादन कार्य समेत शुरु भएको छ ।

एमके ग्रुप अन्तर्गत हाल एमके अटो क्लच कम्पनी, एमके लाइड अटो क्लच इन्डष्ट्रिज, भीएनजी अटोमोटिभ्स, भीएनजी ब्रेक्स तथा भण्डारी फोर्ज एन्ड अलोय कास्ट कम्पनी छन् । उत्तरी भारतका विभिन्न ६ स्थानमा एमके ग्रुपका अत्याधुनिक क्लच एन्ड ब्रेक म्यानुफ्याक्चरिङ प्लान्ट छन् ।

सवारी साधनमा प्रयोग गरिने लिभर र योक, क्लच भेरिएटर, इनर क्लच एसेम्बलिज, कम्प्लिट क्लच एसेम्बलिज, ब्रेक शु, क्लच प्लेट, डिस्क ब्रेक प्याड र पेपर फ्रिक्सन प्लेटका लागि एमके ब्रान्ड लोकप्रिय मानिन्छ । दुई पांग्रे, तीन पांग्रे र चार पांग्रे सवारी साधनका लागि आवश्यक अटोमोटिभ क्लच र ब्रेक उत्पादक कम्पनीको रुपमा लोकप्रिय एमकेले आफूलाई 'लिडर इन फ्रिक्सन टेक्नोलोजी' दावी गर्छ ।

# भारतले शनिबार सूर्यको अध्ययन गर्न 'आदित्य एल-१' अन्तरीक्षयान प्रक्षेपण गर्ने

काठमाडौं – भारतले आगामी शनिबार सूर्यको अध्ययन गर्नका लागि 'आदित्य-१' नामक अन्तरीक्षयान पठाउने भएको छ। इन्डिया स्पेस अर्गनाइजेसन (इसरो)ले आन्ध्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धवन अन्तरीक्ष



केन्द्रबाट स्थानीय समयअनुसार बिहान ११ बजेर ५० मिनेटमा 'आदित्य एल-१' प्रक्षेपण गर्ने जनाएको हो ।

गत बुधबार मात्रै भारतले चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान-३ अवतरण गरेको थियो । चन्द्रमामा सफलतापूर्वक यान अवतरण गर्ने अमेरिका, रुस र चीनपछि भारत चौथो देश बनेको छ । भारत दक्षिणी ध्रुवमा यान अवतरण गराउने पहिलो देशसमेत बनेको छ ।

आदित्य एल-१ अन्तरिक्ष यानले सूर्यको कोरोना, सौर्य आँधी र म्याग्नेटिक फिल्ड्सका बारेमा अध्ययन गर्ने छ । आदित्य एल-१ को प्रारम्भिक उद्धेश्य सूर्यको प्राकृतिक गतिशीलताको अध्ययन र त्यसले अन्तरिक्षको मौसममा पार्ने प्रभाव रहेको छ । कोरोनाको अध्ययनबाट सूर्यमा हुने विस्फोट, लप्का तथा अन्य घटनाहरू जसले सञ्चार प्रणाली, भू-उपग्रहको सञ्चालन तथा पृथ्वीको ऊर्जा प्रसारण लाइनमा पार्ने प्रभावको बारेमा थप जानकारी प्राप्त हुने अपेक्षा लिइएको छ ।

सो यानलाई पृथ्वीबाट करिब १५ लाख किलोमिटर टाढा रहेको 'एल-१' प्वाइन्टमा राख्ने तयारी छ । यो स्थानमा राखिने यानले पृथ्वीको कुनै प्रकारको छायाँबिना निरन्तर रूपमा सूर्यको परिक्रममा गर्न सक्छ ।

# रोयल इनफिल्डले मेला गर्दै, पुरानो बाइकसँग क्लासिक ३५० र स्क्रयाम ४११ साट्न पाइने

काठमाडौं । अब पुरानो बाइकसँग रोयल इनफिल्डको नयाँ क्लासिक ३५० र स्क्रयाम ४११ साट्न सकिने भएको छ ।

रोयल इनफिल्डको आधिकारिक बिक्रेता कम्पनी त्रिवेणी ग्रुप अन्तर्गतको अल्फा अटोमोटिभले एक्सचेन्ज मेला संचालन गर्ने भएको छ। भदौ १० देखि १५ गतेसम्म आयोजना गरिने मेलामा कम्पनीले बाइक साट्न पाइने सुविधा दिने भएको हो ।

उक्त मेलामा ग्राहकहरूलाई स्पट एक्सचेन्ज, बेस्ट भ्यालुएसन र स्पट फाइनान्स जस्ता सुविधा उपलब्ध हुने कम्पनीले जनाएको छ । यी सुविधाहरूले ग्राहकहरूलाई पुरानो दुई पाङ्गे साधनसँग रोयल इन्फिल्डका नयाँ मोटरसाइकल साट्न सजिलो हुने कम्पनीले जनाएको छ ।

हाल रोयल इनफिल्डका क्लासिक ३५० सीसी र स्क्रयाम ४११ नयाँ मोडेलहरु उपलब्ध छन् । नेपालभरका आफ्ना शोरूम र डिलर प्वाइन्टबाट यो मेलामा सहभागी हुन सकिने कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार ग्राहकसँग आफ्नो मोटरसाइकलको राम्रो मूल्यांकनका लागि विभिन्न एक्सचेन्ज हाउसका विकल्पहरू हुनेछन । साथै स्पट फाइनान्सका लागि पनि वित्तीय संस्था हुनेछन् ।

# नबिल बैंक सेल्स एक्सिलेन्स अवार्ड '२०२३' बाट सम्मानित

काठमाडौं । नबिल बैंक लिमिटेडले बैंक तथा वित्तीय संस्थाको विधामा 'सेल्स एक्सिलेन्स अवार्ड २०२३' (क्बभिक भ्हअभर्भिलअभ ब्धबचम द्दण्द्दघ) बाट सम्मानित भएको छ ।

ग्रोथ लिडरशीप एकाडेमीले शुक्रबार आयोजित'सेल्स समिट' (क्बभिक क्ग्प्ष्त) कार्यक्रममा बैंकलाई उक्त अवार्डबाट सम्मान गरेको हो । कार्यक्रममा नेपाल बैंकर्स एसोशियनका अध्यक्ष सुनिल केसीले नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीलाई अवार्ड हस्तान्तरण गरेका थिए ।

मर्जर एक्वीजीसन पश्चात्का वर्षहरुमा बैंकहरुमा हुने समायोजनका कारण व्यवसाय वृद्धिमा असर पर्ने सामान्य अवस्था भन्दा भिन्न हिसाबले नबिल बैंकले आर्थिक वर्ष २०७९/८० मा बैंकिङ क्षेत्रकै सबैभन्दा बढी व्यवसाय वृद्धि गर्न सफल गरेकाले यो अवार्डमा छनौट भएको आयोजकको भनाई छ ।

उक्त कार्यक्रममा नबिल लगायत ११ संस्था र १० व्यक्तिलाई सेल्स र मार्केटिङ्गको विभिन्न विधामा अवार्डबाट सम्मानित गरेको थियो । नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले १८ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६५ शाखा र २ सय ९८ एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाको रूपमा काम गर्दै आएको छ ।




लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस